मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

वर्ष ३ • अंक ७७ • २०८१ साल माघ १३ गते आइतबार • Sunday 26, January 2025 • सूर्योदयः बिहान ६:५३ बजे • सूर्यास्तः साँझ ५:४२ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## उत्थानका लागि सबै एकजुट हुनुपर्छः विप्लव

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का महासचिव नेत्र विक्रम चन्द (विप्लव सी) ले नेपाली जनताको उत्थानका लागि सबै एक जुट भएर लाग्नु पर्ने बताएका छन् ।सुदर्शनराज पाण्डे र सिजन पाण्डेको सम्झनामा प्रकाशित सिजन–सुदर्शन स्मृतिग्रन्थ पुस्तक 'पिता र पुत्र' शनिबार वीरगंजमा लोकार्पण गर्दै उनले जनताको अवस्था दयनीय भएको भन्दै उत्थानका लागि सबै एकताबद्ध हुनु पर्नेमा जोड दिए । उनले मुलुकमा विभिन्न व्यवस्था आए पनि जनताको अवस्थामा भने अपेक्षाकृत परिवर्तन नआएको बताए । यो गणतन्त्र पनि जनताको गणतन्त्र बन्न नसकेको उनले उल्लेख गरे । उनले यति खेर नेपाली जनता विभिन्न समस्याबाट आजित भएको बताए । नेपाल कम्युनिष्ट पार्टीका मधेश प्रदेश इन्चार्ज अनिल सीको अध्यक्षतामा भएको कार्यक्रममा मधेश विश्वविद्यालयका उपकुलपति प्राध्यापक डाक्टर दीपक शाक्य, नेपाल पत्रकार महासंघ लेखा समिति संयोजक केसी लामिछाने, मध्य नेपाल मिडियाकी अध्यक्ष कविता खड्कालगायतले दिवंगत पत्रकार सुदर्शनराज पाण्डेको व्यक्तित्व र जीवनीको चर्चा गरेका थिए ।

## भारतको सहयोगमा निर्मित जानकी विद्युतीय संग्रहालय आकर्षणको केन्द्र बन्दै








**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
भारत सरकारको सहयोगमा निर्माण भएको जनकपुरधामको जनकी मन्दिर विद्युतीय संग्रहालय पर्यटकका लागि आकर्षणको केन्द्र बनेको छ । जनकपुरधाम आउने जो कोही पर्यटकका लागि संग्रहालय आकर्षणको केन्द्र बनेको हो । विश्वभरका हिन्दूको आस्थाको केन्द्र हो जनकपुरधाम । यहाँ धेरैजसो भारतीय पर्यटक धार्मिक यात्राका लागि आउने गरेका छन् । भारतीय दुतावासको सहयोगमा जानकी मन्दिरमा निर्माण गरिएको जानकी विद्युतीय चलचित्र तथा संग्रहालय अवलोकन गर्न आउने पर्यटकको संख्या वृद्धि भइरहेको छ ।

पर्यटकको वृद्धिसँगै मन्दिरको आम्दानीसमेत बढेको छ । रामजानकी मन्दिर, विवाहमण्डप, मणिमण्डप, स्वर्गद्वार, राजदेवी, जनक मन्दिर, गंगा आरती, शिव, संकटमोचन, लक्ष्मण, कपिलेश्वर, कुपेश्वरनाथ महादेव, हनुमान गढीलगायत मन्दिर यहाँ छन् । यहाँ आउने पर्यटक जनकपुरधामको विभिन्न मठमन्दिरको अवलोकनका साथै जानकी मन्दिर संग्रहालयसमेत अवलोकन गर्छन् । रामायणकालीन पात्र राजर्षि जनक, माता सीताका साथै मिथिलाञ्चलको संस्कृति झल्कने गरी जानकी मन्दिरमै विद्युतीय चलचित्र र संग्रहालय स्थापना गरिएको छ । संग्रहालय अवलोकनका लागि वर्षेनी हजारौँ पर्यटक जनकपुर आइपुग्छन् । भारतको आन्ध्र प्रदेशबाट जनकपुरधाम आएका पर्यटक यहाँ आएर सीताको जन्मदेखि विवाहसम्म विद्युतीय माध्यममार्फत जान्ने गरेका छन् । त्यसमा समेत हरेक दृश्यका साथै मैथिलीमा बज्ने गरेको गीतले जो सुकैलाई लोभ्याउने गरेको छ । पर्यटक कृष्णनन्ले यहाँ आएपछि आफूहरुलाई आनन्दको अनुभूति भएको बताए । उनले संग्रहालयले त्रेता युगको झल्को दिने गरेको बताए ।

मिथिला राज्यका तत्कालीन संस्कृति, सभ्यता र जीवन पद्धतिसँग जोडिएका प्राचीन गरगहना र पोशाक संग्रहालयमा राखिएका छन् । संग्रहालयमा सीताको जन्म, भगवान रामसँग भएको विवाहलाई मैथिली भाषामा गीतको माध्यमले दर्शाउने गरिएको छ । जसले भारतीय पर्यटक मात्रै नभएर नेपाली पर्यटकलाई समेत आकर्षित गरेको छ ।

बुद्धभूमि नगरपालिका–१ का राज श्रेष्ठले समेत संग्रहालयले मिथिलाको संस्कृति बुझ्न सजिलो भएको जानकारी दिए । जानकीको भाकल गरेपछि मनोकामना पूरा हुने जनविश्वास छ । त्यहीअनुसार टिकमगढ, भारतकी महारानी भानु वृषकुमारीले भाकल गरेकाले उनको छोरा जन्मिएको थियो । तिनै महारानीले विशाल मन्दिर बनाउन लगाइन् । विसं १९५२ मा शिल्यान्यास गरिएको मन्दिर विसं १९६७ मा पूरा भएको थियो । यसलाई नौलखा मन्दिर पनि भनिन्छ किनकी त्यतिबेला ९ लाख रुपैयाँमा निर्माण गरिएको हो । यिनै मन्दिरको दक्षिणकुनामा १५ वर्षअघि सञ्चालनमा आएको संग्रहालयको भित्तामा राजा जनकको दरबारदेखि भगवान राम, लक्ष्मण, सीता, रावण र हनुमानका चित्र कुँदिएका छन् । संग्रहालयका व्यवस्थापक बब्लु पाण्डेले जनकपुरधाम आउने गरेका हरेक पर्यटक यहाँ आउने गरेको बताए । उनले मौसम र महिनाअनुसार फरकफरकरुपमा पर्यटक आउने गरेको बताउँदै प्रायः हरेक दिन करिब २ सयको संख्यामा आउने गरेका छन् । कहिलेकहीँ त २ हजारसम्म पर्यटक आउने गरेका छन् ।

संग्रहालय निर्माणसँगै बढेको पर्यटकीय चहलपहलले मन्दिरको आम्दानीसमेत बढेको छ । मन्दिरमा प्रयोग हुने लुगा, विभिन्न मुकुट र अहिलेसम्मका महन्थहरुको तस्बिरहरु पनि संग्रहालयमा देख्न सकिन्छ । संग्रहालयको भित्तामा निर्माण गरिएको चित्रकलाले मिथिलाको सांस्कृतिक महत्वलाई दर्शाइरहेको छ ।

किम्बदन्ती अनुसार, सत्ययुगको अन्त्यतिर भगवान् विष्णुका अनुयायीको प्रयासबाट मिथिलाको खोज भएको मान्यता छ, जानकारका अनुसार शास्त्रहरूमा समेत उल्लेख छ । तत्कालीन समयको मिथिला राज्य हाल जनकपुरधामको नाममा प्रतिस्थापित हुन पुगेको देखिन्छ । मिथिला राज्य राजर्षि जनकले शासनसत्ता सम्हालेको क्षेत्र हो, नेपालका भित्री मधेशका जिल्ला उदयपुर, सिन्धुलीदेखि गंगातट (हाल भारतमा रहेको प्रसिद्ध नदी गंगा) सम्म यो राज्यको सीमाना फैलिएको मानिन्छ ।

जनकपुरधाम धार्मिक र सांस्कृतिक जगमा उभिएको प्राचीन नगरी हो । प्राचीनकालमा मिथिला, विदेह र तिरहुत पनि भनिने जनकपुर जनकवंशी राजाहरूको राजधानी पनि थियो । यसबारे रामायण, वेद, पुराणलगायत उपनिषद्मा मिथिलाको उन्नत सभ्यताबारे व्याख्या गरिएको छ । भारतको वैशालीमा लिच्छवी गणराज्यको विकास भएको बेला नेपालमा मिथिला सभ्यताले उचाइ पाएको थियो । जनक र सीताबाहेक याज्ञवल्क्य, गार्गी र मैत्रीयलगायतका विद्वानको थलो जनकपुरधाम नै हो । नेपालको एकीकरणपछि नेपालको तराई भूभागमा रहेको मिथिला क्षेत्रको महत्व पौराणिककालदेखि जुनरूपमा रही आएको थियो, अझ त्यो भन्दा बढी रूपमा धार्मिक र पछि थप पर्यटकीय रूपमा समेत प्रसिद्ध भयो । अहिले संग्रहालयले भने झनै पर्यटकीय गतिविधिमा वृद्धि गरेको छ ।

## फागुनभित्र ७० प्रतिशत बजेट कार्यान्वयन हुन्छः मुख्यमन्त्री



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले फागुन अन्तिमसम्म ७० प्रतिशत बजेट खर्च गर्ने गरी प्रदेश सरकारले काम अघि बढाएको बताएका छन् । उनले हालसम्म १० अर्ब रुपैयाँ भन्दा बढीको टेन्डर भइसकेको जानकारी दिए ।

प्रदेशसभाले उपभोक्ता समितिमार्फत विकास निर्माणका काम गर्ने गरी प्रदेश सङ्कल्प प्रस्ताव पारित गरेकोले पनि आगामी काम प्रभावकारी हुने विश्वास उनले व्यक्त गरे । प्रदेशसभाको गत आइतबारको बैठकले उपभोक्ता समितिबाट काम गर्न बजेट संशोधनसम्बन्धी सङ्कल्प प्रस्ताव बहुमतले पारित गरेको थियो । प्रस्तावमा ५० लाख रुपैयाँभन्दा माथिका काम अनिवार्य ठेक्का प्रक्रियाबाट गर्ने र अन्यको हकमा नेपालको सार्वजनिक खरिद ऐनअनुसार गर्ने भनिएको छ। प्रदेश सरकारले एकैखालका विकास योजनालाई एकीकृत गरेर विनियोजन गरेको काम र रकमसमेत बाँडफाँड गरिने उल्लेख छ। मधेश सरकारले चालु आवमा हालसम्म ४ प्रतिशत मात्र बजेट खर्च गरेको छ। बजेट खर्चमा प्रदेश सरकार उदाशीन बनेको आरोपपछि पछिल्लो समय टेन्डर प्रक्रियालाई तीव्रता दिइएको हो ।

कमला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
माची झिटकहिया, धनुषा, मधेश प्रदेश, नेपाल

नगर प्रहरी सेवा करारमा लिने सम्बन्धी सूचना !

प्रथम पटक प्रकाशित मितिः २०८१।१०।१३ गते

यस कार्यालयको लागि तपशिल बमोजिमको नगर प्रहरी कर्मचारीहरु करार सेवामा लिनु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क्र.सं. | विज्ञापन नं. | पद | माग पद संख्या |
|---|---|---|---|
| १ | ०१/०८१/०८२ | नगर प्रहरी सहायक निरीक्षक | १ (एक) |
| २ | ०२/०८१/०८२ | नगर प्रहरी हवल्दार | १ (एक) |
| ३ | ०३/०८१/०८२ | नगर प्रहरी जवान (पुरुष) | ३ (तीन) |
| ४ | ०४/०८१/०८२ | नगर प्रहरी जवान (महिला) | २ (दुई) |

विस्तृत जानकारीको लागि नगरपालिकाको वेबसाइट www.kamalamun.gov.np मा प्रकाशित सूचना हेर्नुहोला ।

प्रमुख प्रशासकीय अधिकृत

## प्रधानमन्त्रीको बोली, व्यवहार र कामले मुलुक अध्याँरोतिरः साह




**मधेशदृष्टि**
**चितवन ।**
आम जनता पार्टी (आजपा) का अध्यक्ष एवम् पूर्वमन्त्री प्रभु साहले प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकार सबै मोर्चामा असफल भइसकेकाले यसको विकल्प खोज्ने बेला आएको बताएका छन् । प्रधानमन्त्री ओलीको बोली, व्यवहार र काम मुलुकलाई अध्याँरोतर्फ धकेलिने खालको भएको टिप्पणी उनले गरे ।

भरतपुरमा आजपानिकट आइटी आर्मीको जिल्ला भेलामा साहले सुशासन कायम गर्न र आर्थिक सुधार गर्ने सवालमा सर्वाधिक असफल भएको ओली सरकारको विकल्प खोज्नमा ढिलाइ गर्न नहुने बताए । 'संविधान र संसद्ले नचिन्ने राजनीतिक संयन्त्रको आतंक बन्द गर्नुहोस् । दुई तिहाईको दम्भ भ्रष्टाचारी जोगाउने आधारस्तम्भ बनाइएको छ । आवरणमा संविधान संशोधन भनियो, तर व्यवहारमा संविधानको चीरहरण गरियो,' साहले भने, 'ओली सरकारले अध्यादेश अघि अनि संसद् पछि बोलाउँने काम गर्दै राज्यको ढुकुटी लुट्ने काम गरिरहेको छ । बिचौलियाको सेटिङमा बनेको सरकार बिचौलियाकै लागि काम गरिरहेको छ ।'

बाँकी पृष्ठ २ मा

# जसपाको बैठक बीरगंजमा जारी



**मधेशदृष्टि**
**वीरगंज ।**
जनता समाजवादी पार्टी (जसपा) को केन्द्रीय कार्यसमितिको बैठक वीरगंजमा शनिबारदेखि शुरु भएको छ ।
वीरगंजस्थित पुजन होटलमा जसपाका केन्द्रीय अध्यक्ष अशोककुमार राईको अध्यक्षतामा केन्द्रीय कार्यसमितिको बैठक शुरु भएको पार्टीका उपमहासचिव एवम् खानेपानी मन्त्री प्रदीप यादवले जानकारी दिए ।
आइतबारसम्म चल्ने बैठकमा मुलुकको समसामयिक राजनीतिक अवस्थाको विश्लेषण, पार्टीका संगठनात्मक तथा समसामयिक विषयहरूमा गहन छलफल हुने बताइएको छ ।
उनले मधेशका मुद्दासम्बन्धी विषयमा छलफल गर्दै पार्टीको भावी रणनीतिसमेत तय गरिने जानकारी दिए । बैठकमा जसपाका संघीय परिषद अध्यक्ष राजेन्द्र श्रेष्ठ, सहअध्यक्ष रेणुकुमारी यादव, उपाध्यक्ष तथा मन्त्री नवलकिशोर साह सुडी, उपाध्यक्ष शुशीला श्रेष्ठ, उपाध्यक्ष रणध्वज कन्दङ्वा लिम्बु, महासचिव मोहम्मद इश्तियाक राई, उपमहासचिव तथा मन्त्री यादव, सचिव वीरेन्द्र महतो, कोषाध्यक्ष रञ्जु झाका साथै केन्द्रीय सदस्यहरुको सहभागिता छ ।

# सरकार समृद्धि र सामाजिक न्याय हासिलमा प्रतिबद्धः उपप्रधानमन्त्री

विराटनगर ।
उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले सरकार मुलुकको समृद्धि र सामाजिक न्याय हासिलका लागि प्रतिबद्ध रहेको बताएका छन् । उद्योग सङ्गठन मोरङद्वारा आयोजित 'विराट एक्स्पो–२०२५' उद्घाटन गर्दै उनले सरकार आर्थिक, सामाजिक, शैक्षिक तथा औद्योगिक क्षेत्रमा देखिएका समस्या समाधान गर्न गम्भीर रहेको उल्लेख गरे ।
मुलुक अप्ठ्यारो अवस्थामा रहेका बेलामा नेपाल कम्युनिष्ट पार्टी एमाले र नेपाली कांग्रेसको सहकार्यमा सरकार गठन भएको र यो सरकार सबै समस्या समाधान गर्न तीव्र गतिमा काम गरिरहेको उनको भनाइ थियो । उपप्रधानमन्त्री पौडेलले वर्तमान सरकार गठन भएपछि अर्थतन्त्रमा सुधार देखिएको समेत उल्लेख गरे । हाल बैङ्कमा तरलता पर्याप्त रहेको र ब्याजदर पनि एकल अङ्कमा आएको



उल्लेख गर्दै यसबाट उद्योगीहरूले लाभ लिइरहेको बताए । 'मुलुकमा राजनीतिक स्थायित्व हुँदा अर्थतन्त्रमा देखिएका समस्यमा समाधानमा सहज हुन्छ,' उनले भने, 'अहिलेको सरकारका लागि सहज अवस्था छैन, नागरिकका निराशालाई आशामा बदल्ने गरी सरकारले द्रुत गतिमा काम गरिरहेको छ ।' उनले 'निराशा चिर्ने र आशा सञ्चार गर्ने' दायित्व सरकारकै भएकाले अध्यादेशमार्फत विभिन्न कानुन संशोधनपछि निजी क्षेत्र पनि उत्साहित भएको बताए । उनले सरकार प्रत्येक प्रदेशमा औद्योगिक क्षेत्र निर्माणका लागि काम गरिरहेको समेत जानकारी दिए । 'विराटनगर विमानस्थलको स्तरोन्नति गरी अन्तर्राष्ट्रिय विमानस्थल बनाउने, औद्योगिक ग्राम तथा औद्योगिक प्रदर्शनी केन्द्र निर्माण गर्ने र किमाथाङ्का बाटोको विषयमा सरकारले आवश्यक सहयोग गर्नेछ,' उनले भने । कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले प्रदेशको आर्थिक विकासका निम्ति विराटनगर विमानस्थललाई अन्तर्राष्ट्रिय विमानस्थल आवश्यक रहेको धारणा राखे । विराटनगर महानगरपालिकाका प्रमुख नागेश कोइरालाले निजी क्षेत्रले इमान्दारीपूर्वक राज्यको काममा सहयोग गरिरहेको उल्लेख गर्दै एक्स्पोले निजी क्षेत्रलाई फाइदा पुग्ने बताए । नेपाल उद्योग वाणिज्य महासङ्घ कोशी प्रदेशका अध्यक्ष राजेन्द्र राउतले मुलुकको अर्थतन्त्रलाई चलायमान बनाउन एक्स्पो सहयोगी हुनेमा विश्वास व्यक्त गरे । एक्स्पो यही माघ २० गतेसम्म सञ्चालन हुने छ ।

# माछापालक किसान संघको अध्यक्षमा गुप्ता

**मधेशदृष्टि**
**वीरगंज ।**
माछापालक किसान संघ नेपालको केन्द्रीय अध्यक्षमा उमेश गुप्ता चयन भएका छन् ।
बाराको परवानीपुरस्थित राष्ट्रिय कृषि अनुसन्धान केन्द्रमा शनिबार सम्पन्न संघको प्रथम राष्ट्रिय सम्मेलनबाट केन्द्रीय अध्यक्षमा गुप्ता सर्वसम्मत चयन भएका हुन् । देशका २३ जिल्लाका माछापालक किसानहरु सहभागी सम्मेलनले गुप्ताको अध्यक्षतामा २७ सदस्यीय केन्द्रीय कार्यसमिति सर्वसम्मत चयन गरेको हो ।
संघको केन्द्रीय उपाध्यक्षमा देवानन्द चौधरी, सचिवमा फागुलाल चौधरी, कोषाध्यक्षमा शिवहरि आचार्य र उपसचिवमा सुमन श्रेष्ठ चयन भएका छन् । सम्मेलन सम्पन्न भएलगत्तै शनिबार नै बसेको संघको पहिलो बैठकले भारतीय माछाको आयातका कारणले स्वदेशका माछापालक किसानले उचित बजार र भाउ नपाएकाले भारतीय माछाको आयात रोक्नका लागि दबाबमुलक अभियान चलाउने निर्णय गरेको अध्यक्ष गुप्ताले जानकारी दिए ।
साथै बैठकले संघलाई किसान आयोगमा दर्ता गराउने निर्णय पनि गरेको उनले बताए ।

# विपन्नको निवेदन निःशुल्क लेख्न निर्देशन

**मधेशदृष्टि**
**रौतहट ।**
जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुख एसपी दिलिप घिमिरेले गरिब र विपन्नका लागि निःशुल्क ठाडो निवेदन उजुरी लेखिदिन प्रहरीलाई निर्देशन दिएका छन् । जिल्लास्थित सम्पूर्ण प्रहरी कार्यालयका प्रमुखलाई गरिब र विपन्नका लागि निःशुल्क निवेदनको व्यवस्था गरिदिन एसपी घिमिरेले निर्देशन दिएका हुन् ।
जिल्ला प्रहरी कार्यालयलगायत मातहतका सम्पूर्ण प्रहरी इकाई कार्यालयमा गरिब र विपन्नका लागि निःशुल्क निवेदन लेखिने व्यवस्था हुन लागेको एसपी घिमिरेले बताए । इलाका प्रहरी कार्यालय कटहरियालगायत जिल्लाको प्रायः सबै थाना, चौकीआसपास केही व्यक्तिले सानोसानो दुईलाइनको निवेदन ठाडो उजुरी लेखेको बापत गरिब र विपन्न पीडितसँग पाँच सय रुपैयाँसम्म लिने गरेको सामाजिक सञ्जालमा गुनासो बढेपछि त्यसप्रति गम्भीर ध्यानाकर्षण भएको बताउँदै आइन्दा निःशुल्क निवेदनको व्यवस्था शुरु गरिएको एसपी घिमिरेले जानकारी दिए । जिल्ला प्रहरी कार्यालय रौतहटका सहप्रवक्ता इन्स्पेक्टर उमाशंकर प्रसादका अनुसार एसपी घिमिरेको निर्देशनमा ठाडो उजुरी निवेदनका लागि एउटा फर्मेटको ढाँचा तयार गरेर जिल्लाको सम्पूर्ण प्रहरी कार्यालयमा पठाइएको छ ।
फर्मेट प्रिन्ट गराएर प्रहरीले पीडितलाई दिन्छ, पढेलेखेका भएमा आफैँ भरेर बुझाउँछ, नभए फर्मेट प्रहरीले नै भरेर दिन्छ ।
फर्मेट ठाडो उजुरी निवेदनसरह हुने इन्स्पेक्टर उमाशंकर प्रसादले जानकारी दिए । यसरी लेखिने निवेदनकै आधारमा प्रहरीले प्रारम्भिक कारबाही शुरु गर्ने जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ । रौतहटमा घरायसी तथा सामान्य बादविवाद हुँदा पनि प्रहरी कार्यालयमा जाँदा बाहिरबाट सानो ठाडो उजुरी लेखाएर ल्याउन पाँचसय रुपैयाँ दिनुपर्ने बाध्यता थियो ।



# निजामती कर्मचारी संगठनको नयाँ समिति

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
निजामती कर्मचारी संगठन धनुषाको नयाँ कार्य समिति निर्विरोध चयन भएको छ । संगठनको १२ औँ अधिवेशनबाट १३ सदस्यीय नयाँ कार्य समिति चयन भएको हो ।
समितिको अध्यक्षमा राजेन्द्र साह (नापी कार्यालय) निर्विरोध चयन भएका छन भने उपाध्यक्षमा शिव शंकर राउत (मालपोत कार्यालय), त्यसैगरी महिला उपाध्यक्षमा एक जनाको नाम पछि राख्ने गरी



सहमति भएको छ । यसैगरी सचिवमा राम विनोद यादव (स्वास्थ्य कार्यालय), कोषाध्यक्षमा श्याम कुमार राउत चयन भएका छन् । सदस्यहरुमा प्रमोद कुमार साह, तुल्सी ठाकुर, भीम बहादुर बढुवाल, लालू दास, आत्माराम विश्वकर्मा, संजीव कुमार यादव, अक्कलबहादुर बानिया, भीम बहादुर बडुवाल चयन भएका छन् ।
यस्तै, केन्द्रीय प्रतिनिधिमा जगदीश साह (सहकारीतर्फ), संकल्प सौरभ मधेश प्रदेश विभागीय अध्यक्ष, अमर बहादुर भुजेल, निलाम यादव, लक्ष्मी नारायण साह चयन भएका छन् । प्रदेश प्रतिनिधिमा रामनाथ साह र प्रह्लाद कार्की चयन भएका छन् ।

# प्रधानमन्त्रीको बोली, व्यवहार र कामले मुलुक...

वर्तमान सरकार नेपाली जनताको लागि ट्युमर पलाएकोजस्तो भएको टिप्पणी गर्दै उनले यसको विकल्प नेपाली जनताले खोजिरहेको बताए । 'विदेश सम्बन्ध धुमिल बनेको छ, बिआरआइ फ्रेमवर्क सम्झौता ऋणको पासो त होइन भन्ने बहस छ,' उनले भने, 'विपीको सिद्धान्त बोकेको नेपाली कांग्रेस र मदन भण्डारीको लिगेसी भएकाहरु किन केपी ओलीसँग सती जान लागेको हुन् ? आश्चर्य लागेको छ । चीन खुशी पार्ने बहानामा भारत र अमेरिका चिढ्याउने काम नहोस्, नत्र चीन भ्रमणमा ताइवानको विषयमा किन बोलियो ?'
बिचौलियाको सेटिङमा बनेको वर्तमान सरकार अप्राकृतिक, अलोकतान्त्रिक र सिद्धान्त विपरीत भएको उनले बताए । 'यो सरकारको जन्म नै अप्राकृतिक, अलोकतान्त्रिक छ । विश्वभर यतिबेला प्राकृतिक हावा चलेको छ । नेपालमा मात्रै अप्राकृतिक हावा बहन कसरी सम्भव छ ?
सरकारको जन्म नै बिचौलियाको घरमा भएपछि यसले ती अभिजात बिचौलिया र भ्रष्टहरुको सेवा गर्छ भन्नेमा हामी जानकार थियौँ । तर, यो देशका सचेत नागरिकले अब पनि देशको अवस्था अनि कांग्रेस र एमालेको लुट हेरेरमात्रै बस्ने हो त ? कि सचेत विद्रोहको लागि तयार हुने ?,' उनले भने ।
दलतन्त्रको पहिलो सिकार नेपाली निमुखा जनता भएको बताउदै उनले दुई दलीय शासनको दिवालियाले शंकर पोखरेल र गगन थापाहरु हौसिएको टिप्पणी गरे । यिनीहरुले कहिल्यै नभएको विकास एक महिनामा गर्ने भनेर अध्यादेशको धमास अनि शासनको धक्कु लगाउन थालेको उनले बताए । उनले यी पात्रसँग जोडिएका विज्ञहरुको अनुहार हेर्न जरुरी रहेको बताउदै यिनीहरु जननिर्वाचित थलो संसद्लाई छलेर साँढे बनेर चल्न थालेको बताए ।
'अब यिनीहरुलाई सडकमा फाल्न जरुरी छ । आफ्ना भ्रष्टहरुलाई जोगाएर सरकार गन्हाइसकेको छ । यसले लुटतन्त्रको सेलिब्रेशन गरिरहेको छ । यो सरकार भगौडा दलाल र भूमाफियाको सेवामा हाजिर छ । त्यसको प्रभाव हालै आएका अध्यादेशको अनुहार र अन्तर्य हेर्दा थाहा हुन्छ ।
ती स्वार्थ बाझिएर आएका अध्यादेश सुरुमा कसले स्वागत गरे ?,' साहले भने, 'खुलमखुला बालुवाटारमा भूमाफियाहरुले भूमिसम्बन्धी अध्यादेशको स्वागत गरेका छन् । देशमा रोजगारी सिर्जना गर्न कुनै योगदान नदिने उल्टै नेपाली जनतालाई लुटेर पैसा रातारात विदेश पुर्याउनेहरुले नै अध्यादेश शासनको धुँवादार वकालात गरेका छन् । कांग्रेस र एमालेको अन्तिम लुटको भोजन खानेहरुलाई मुख मिठो भएको होला । तर, गरिखाने जनतालाई अहिलेको शासन र सत्ता नमिठो लाग्न थालिसकेको छ ।'
उनले आजपाले तेस्रो जनआन्दोलनको उद्घोष गरिसकेको बताउदै देश पछि फर्काउने नभई अगाडि बढाउने बताए । 'यसअघिका आन्दोलनले नेता मोटाए, पार्टीहरु सुन्निएर अर्बपति बने । तर, निमुखा जनता जहाँको त्यहीँ रहन बाध्य छन् । हजारौँ युवालाई खाडीमा बेचिएको छ, देश रित्तियो,' साहले भने, 'यहाँका उच्चपदस्थहरुले पनि लुटेर सम्पत्ति विदेश पुर्याउने काम गरेका छन् । यो देवता र मानवताको भूमिमा ठूलो अन्याय र अत्याचार भएको छ । कर आतंक उस्तै छ । पाइला पाइलामा भ्रष्टाचार छ । बेथिति छ, बिसंगति छ । हामीले हामी जन्मिनुको श्रेष्ठता देखाउने बेला आयो । अब निर्णायक विद्रोहको बिगुल फुकौँ । आफू मालिक बन्ने शासन ल्याउन जनताले एकपटक निर्णायक आन्दोलन गर्ने बेला आएको छ ।' आइटी आर्मीका जिल्ला अध्यक्ष नितेश साहको अध्यक्षतामा भएको भेलामा आजपाका नेताहरु त्रिभुवन साह, चन्द्रभुषण साह, उमेश कुशवाहा लगायतको सहभागिता थियो ।





**प्रायः प्रत्येक वर्ष तराई तथा भित्री मधेशका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।**
- गोडामाथिदेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं ।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर-दोहोर हुने व्यवस्था मिलाऔं ।
- बालबालिका, बृद्ध-बृद्धा, गर्भवती तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं ।
- स्वास्थ्यसम्बन्धी कुनै समस्या आइपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार-घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन । जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्युसमेत हुन सक्छ ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं ।

**छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं ।**

**पोखरिया नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**पोखरिया, पर्सा, मधेश प्रदेश, नेपाल**


# भूमि आयोगका अध्यक्ष अहमद सम्मानित



**मधेशदृष्टि**
**वीरगंज ।**
एम्स इन्ट्च्यिुटले भूमि समस्या समाधान आयोगका अध्यक्ष तबरेज अहमदलाई सम्मान गरेको छ । नेकपा (एमाले) मधेश प्रदेश कमिटीका सदस्य सलाउद्दीन अहमद प्रमुख अतिथि रहेको कार्यक्रममा बोल्दै आयोगका अध्यक्ष अहमदले भूमि समस्या समाधानका लागि आयोगले चालिरहेको कदमबारे जानकारी गराएका थिए । उनले जनताका हक र अधिकार सुनिश्चित गर्न सरकार र आयोगको कटिबद्धता रहेको बताए ।

उनले मधेश प्रदेशमा भूमि व्यवस्थापनका लागि ठोस पहल भइरहेको जानकारी पनि दिए । प्रमुख अतिथि सलाउदीन अहमदले भूमि समस्या समाधानका प्रयासलाई तिब्रता दिन आयोगको भूमिकाको प्रशंसा गरे । उनले जनताको समस्या समाधानका लागि सबै तहका सरकार र सम्बद्ध निकायबीच सहकार्य आवश्यक रहेकोमा जोड दिए । साथै, नेपाल रेडक्रास सोसाइटी धोबिनी उपशाखाको सभापति भएका सरोज प्रसाद पटेल पनि सम्मान गरिएको छ ।

# स्तन क्यान्सर र पाठेघरको क्यान्सरसम्बन्धी सचेतना



**मधेशदृष्टि**
**वीरगंज ।**
नारायणी सेन्टर अस्पतालमा स्तन क्यान्सर र पाठेघरको क्यान्सरसम्बन्धी सचेतना कार्यक्रम सम्पन्न भएको छ । शनिबार भएको कार्यक्रममा सहभागीहरूलाई क्यान्सरबाट जोगिने उपायबारे जानकारी दिइएको थियो । कार्यक्रममा प्राध्यापक डा. प्रियंका चौधरी र डा. सुनील जैसवालले सहभागीहरूलाई स्तन क्यान्सर र पाठेघरको क्यान्सरको प्रारम्भिक लक्षण, रोकथामका उपायहरू र नियमित स्वास्थ्य परीक्षणको महत्त्वबारे परामर्श दिएका थिए । कार्यक्रमको उद्देश्य क्यान्सरबाट जोगिन सचेतना फैलाउनु, नियमित स्वास्थ्य परीक्षणको महत्त्वलाई प्राथमिकता दिनु, र समुदायमा रोगबारे सही जानकारी पु¥याउनु रहेको थियो । कार्यक्रममा विभिन्न स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरूको उल्लेख्य उपस्थिति रहेको थियो । सहभागीहरूले कार्यक्रममा प्रस्तुत सुझाव र परामर्शले क्यान्सरबारे थप जानकारी प्राप्त भएको बताए । कार्यक्रमले स्तन क्यान्सर र पाठेघरको क्यान्सरबाट जोगिनका लागि सचेत रहन र प्रारम्भिक उपचारका उपायहरूलाई ध्यान दिनुपर्ने कुरामा जोड दिएको छ । यस्ता सचेतना कार्यक्रमहरूले क्यान्सर सम्बन्धी त्रास कम गर्न र समयमै उपचार थाल्न महत्त्वपूर्ण योगदान दिने अपेक्षा गरिएको छ ।

# विभिन्न पार्टी परित्याग गर्दै जनमतमा प्रवेश




**मधेशदृष्टि**
**वीरगंज ।**
जनमत पार्टी पर्साको वीरगंज महानगर वडा नम्बर –८ एकाई समितिले भेला तथा पार्टी प्रवेश कार्यक्रम गरेको छ । कार्यक्रममा हिरालाल रामको नेतृत्वमा एक सय भन्दा बढी व्यक्ति विभिन्न पार्टी परित्याग गरी जनमतमा प्रवेश गरेका छन् ।

नव प्रवेशीहरुलाई कार्यकारिणी सदस्य माधव सिंह, जिल्ला अध्यक्ष ओमप्रकाश सरार्फ, केन्द्रिय सदस्य विध्यालाल प्रसाद, रम्भा मिश्रा लगायतले टीका र गम्छा लगाई पार्टीमा स्वागत गरेका थिए ।

विजय राम, धर्मेन्द्र राम, बिपिन राम, बच्चा प्रसाद कलवार, रामआज्ञा साह, पन्ना देवी, शिला देवी, राजेश राम, बाबुराम, हिरामन लगायतका सयौं व्यक्ति जनमतमा प्रवेश गरेको जनमतका पर्सा अध्यक्ष ओम प्रकाश सर्राफले बताए ।

पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै जिल्ला अध्यक्ष सरार्फले भने, 'अन्य पार्टीहरुले देशलाई दल दलमा फसाए, मुलुक टाट पल्टिने अवस्थामा पुर्याई दिए, देशमा व्याप्त बेरोजगारी, अशिक्षा, भ्रस्टाचारले जडा गाडेको छ, निःशुल्क शिक्षा, स्वास्थ र स्वदेश मै मानसम्मानको साथ रोजगारीको सुनिश्चितता गर्न जनमत पार्टी एकमात्र विकल्प हो ।'

उनले सबैलाई जनमत पार्टीमा गोलबन्द हुन आग्रह गरे ।

वडा इकाई अध्यक्ष रामजी रौनियारको अध्यक्षतामा सम्पन्न कार्यक्रममा कार्यक्रममा केन्द्रिय सदस्य सिमा गुप्ता, महानगर अध्यक्ष महादेव शर्मा, महिला जिल्ला अध्यक्ष अन्जना गुप्ता, ब्रीजकिशोर कलवार, ब्रीजेस्वर चौधरी, युवा अध्यक्ष उदय यादव, युवादस्ता अध्यक्ष मनोज साह, युवा महानगर अध्यक्ष संजय सिह, छोटेलाल चौरसिया, सन्तोषी महतो, संजय सरार्फ, लोकेश कर्ण, राज साह, सिकेन्द्र राम लगायतको सक्रिय सहभागिता रहेको थियो भने कार्यक्रमको सहजीकरण विद्यार्थी जिल्ला अध्यक्ष बिबेक कुमार झाले गरेका थिए ।

# एकीकृत समाजवादी पर्साको अध्यक्षमा थापा



**मधेशदृष्टि**
**वीरगंज ।**
नेकपा(एकिकृत समाजवादी) पर्साको अध्यक्षमा पुनः बालगोपाल थापा निर्वाचित भएका छन् । एकिकृत समाजवादी पर्साको नवौं अधिवेशनबाट अध्यक्षमा थापा पुनः सर्वसम्मत निर्वाचित भएका हुन् । गत पुस २८ गते वीरगंजमै भएको जिल्ला अधिवेशनले सर्वसम्मत नयाँ नेतृत्व चयन गर्न नसकेपछि अध्यक्ष मण्डललाई त्यसको जिम्मेवारी दिएको थियो । अध्यक्ष मण्डलले शनिबार थापाको अध्यक्षतामा ७९ सदस्यीय जिल्ला कार्यसमिति सर्वसम्मत चयन गरिएको हो । जिल्ला उपाध्यक्षमा बिक्रम चौरसिया र शंकर कुमार कर्ण, सचिवमा गंगा बहादुर खड्का, उप सचिवमा मन्जुर आलम, टेकनारायण महतो र योग माया तामाङ पनि सर्वसम्मत निर्वाचित भएको समाजवादी प्रेस संगठनका केन्द्रिय सदस्य मनोज पटेलले जानकारी दिए ।

# ५ महिला सहित ५२ जनाद्धारा रक्तदान

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नम्बर २१ स्थित परवानीपुरमा तत्वा समाज युवा क्लबको आयोजनामा रक्तदान कार्यक्रम सम्पन्न भएको छ । तत्वा समाज युवा क्लबको उद्घाटनको अवसरमा आयोजित यस कार्यक्रमले स्थानीय समुदायमा उल्लेखनीय उत्साह र सहयोग देखिएको छ ।

कार्यक्रमका प्रमुख अतिथि क्लबका अध्यक्ष बुनीलाल महतो, सचिव प्रदीप कुमार तत्वा र नेपाल रेडक्रस सोसाइटी रक्त सञ्चार केन्द्र वीरगंजका प्रमुख सौरभ राज पाण्डेयको उपस्थिति रहेको थियो । उक्त रक्तदान कार्यक्रममा ५ महिला सहित ५२ जनाले रक्तदान गरेका छन् । नेपाल रेडक्रस सोसाइटी वीरगञ्ज रेश्मकोठी उपशाखाका युवा संयोजक अभिलाष गुप्ताले रक्तदानको महत्त्व र यसको आवश्यकताबारे जानकारी गराएका थिए ।

# सडकमा झरेका माटोमा चिप्लिएर मोटरसाइल दुर्घटना

**मधेशदृष्टि**
**वीरगंज ।**
कलैया–वीरगंज सडक खण्ड अन्तर्गत प्रसौनी गाउँपालिकास्थित दुधौरा खोला पुलदेखि विद्यालयसम्मको कालोपत्रे सडकमा झरेको माटोमा चिप्लिएर चार वटा मोटरसाइकल दुर्घटनामा परेका छन् ।

शीतलहरका कारण माटो ढुवानी गर्ने सवारीबाट सडकमा झरेका माटो भिजेर चिप्लो बनेपछि सवारी साधनहरु चिप्लिएर दुर्घटनामा पर्ने गरेका छन् । सडकमा झरेका माटोमा चिप्लिएर आफू पनि दुर्घटनामा परेको कलैया–१७ निवासी मुकेश महतोले बताए । उनका अनुसार शनिबार बिहान पाँच बजेतिर चार वटा मोटरसाइकल दुर्घटनामा परेका थिए । माटो ढुवानी गर्ने सवारी साधनहरूले माटो छोपेर ढुवानी नगरेका कारण सडकमा माटो झर्ने गरेको र त्यसले दुर्घटना निम्त्याउने गरेको महतोको भनाई छ । बिगत केही दिनदेखि शीतलहरका कारण सडक भिजेकाले यस्तो समस्या बढेको उनको भनाई छ । क्षमता भन्दा बढी माटो लोड गरी ढुवानी गर्ने सवारी साधनहरूमाथि कुनै कडाई नगरिएकाले सडक सुरक्षामा चुनौती उत्पन्न भएको छ ।

# सनलाईट कलेजद्वारा विद्यार्थीको स्वागत तथा अभिमुखिकरण




**मधेशदृष्टि**
**वीरगंज ।**
सनलाइट कलेजले कक्षा ११ र बिबिए प्रथम सेमेष्टरका विद्यार्थीहरुलाई स्वागत गरेको छ । वीरगंज–१६ नगवामा अवस्थित कलेजले शनिबार एक होटलमा नव आगन्तुक विद्यार्थीहरुलाई स्वागत एवम् अभिमुखिकरण गरेको हो । कार्यक्रममा अध्यक्ष गरेका सनलाइट कलेजका प्रधानाध्यापक डिके चौरसियाले निजी कलेजहरुले शिक्षा क्षेत्रमा पुर्याइरहेको योगदानलाई सरकारले उच्च मुल्यांकन गरिरहेको बताए । सरकारी कलेजहरु भन्दा जिम्मेवारी बोधका साथ विद्यार्थीहरुलाई अध्यापन गराउने भएकोले निजी कलेजहरुमा विद्यार्थीहरुको संख्या बढिरहेको बताए । उनले सनलाइट कलेजमा अध्ययन गरिरहेका विद्यार्थीहरुले उच्च शिक्षा हासिल गर्नेमा विश्वस्त रहेको उनले बताए ।

कार्यक्रममा प्याब्सन मधेश प्रदेश सदस्य इमामुद्दीन अहमद, प्याब्सन वीरगंज महानगर अध्यक्ष राहुल श्रीवास्तवलगायत नयाँ भर्ना भएका विद्यार्थी, कलेजका शिक्षक तथा सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो ।

# कानू समाजको तदर्थ समिति गठन

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका क्षेत्रमा कानू समाजको तदर्थ समिति गठन गरिएको छ । शनिबार राधेमाई मन्दिरको प्राङ्गणमा केन्द्रीय अध्यक्ष किशोरी प्रसाद कानूको अध्यक्षतामा सम्पन्न बैठकले १५ सदस्यीय तदर्थ समिति गठन गरेको हो । समितिमा ३ जना सल्लाहकार पनि चयन भएका छन् । महानगर कमिटीको अध्यक्षमा सुन्दर साह कानू सर्वसम्मत चयन भएका छन् । उपाध्यक्षमा लालबाबू साह, सचिवमा ओम प्रकाश कानू, कोषाध्यक्षमा सीताराम साह कानू, र सह सचिवमा विमला गुप्ता चयन भएकी छन् । सदस्यहरूमा राजकुमार साह कानू, प्रेम चन्द्र कानू, सन्दीप साह कानू, छठु साह कानू, विनय गुप्ता, जय राम साह कानू, भगवान लाल साह कानू, हरी शंकर साह कानू, किशोरी प्रसाद साह कानू, र प्रभु साह कानू रहेका छन् । प्रमुख सल्लाहकारमा सालिकराम प्रसाद कानू र उमेश गुप्ता चयन भएका छन् ।

२०६६ सालदेखि स्थापना भएको कानू समाजले स्वजातीय समुदायको उत्थानका लागि विभिन्न सामाजिक कार्यहरू गर्दै आएको संस्थापक अध्यक्ष हरिहर प्रसाद साहले बताए । सोही अवसरमा केन्द्रीय अध्यक्ष किशोरी साह कानू, उपाध्यक्ष मदन प्रसाद कानू, महासचिव किशोरी लाल प्रसाद, सचिव हरिहर प्रसाद साह, सदस्य सुरेश मोदक र जय किशुन प्रसाद साहलगायतका व्यक्तिहरूको उपस्थिति रहेको थियो ।

# देउरवानामा गाउँ इकाई समिति गठन

**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रिय नागरिक संघर्ष समिति पर्साले देउरवानामा गाउँ इकाई समिति गठन गरेको छ । शनिबार देउरवानाको कल्याणपुर टोलमा बसेको समितिको बैठकले हरि दहित थारुको नेतृत्वमा १२ सदस्यीय गाउँ इकाई कमिटि कठन गरेको छ । समितिको उपाध्यक्षमा रुपन ओझैया, चतुरभुज दहित, कोषाध्यक्षमा ब्यास दहित, सचिवमा कृष्णमोहन दास थारु लगायतलाई सर्वसहमतिमा चयन गरेको छ । हिन्दू राष्ट्र, राजतन्त्र स्थापनाको मुद्दालाई अघि बढाउन र यी मुद्दालाई स्थापितगर्न समिति सक्रियहुने सुरेन्द्र दहित थारुले बताए ।

# गाँजासहित एक जना पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
प्रतिबन्धित लागुऔषध गाँजासहित पर्सा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा पर्साको पटेर्वासुगौली घर भइ हाल वीरगंज–१६ बस्दै आएका ३० वर्षीय पवन यादव रहेको प्रहरीले जनाएको छ । नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त टोलीले विशेष सुराकीको आधारमा पवन यादवको भाडामा लिएको कोठामा खानतलासी गर्दा गाँजा फेला परेको थियो । त्यसपछि उनीलाई पक्राउ गरि आवश्यक कारवाही अगाडि बढाइएको छ ।

# पत्रकार महासंघका नवनिर्वाचितहरु सम्मानित



**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल मुस्लिम पत्रकार संघ पर्साले नेपाल पत्रकार महासंघमा निर्वाचित पदाधिकारी तथा सदस्यहरूलाई सम्मान गरेको छ । वीरगंजमा शनिबार आयोजित कार्यक्रममा सम्मान गरेको हो । पत्रकार महासंघका केन्द्र, प्रदेश र जिल्लामा निर्वाचित पदाधिकारी तथा सदस्यहरूलाई कार्यक्रमका प्रमुख अतिथि वीरगंज महानगरपालिकाका उपमेयर इम्तियाज आलमले दोसल्ला र सम्मानपत्र सहित सम्मान गरेका थिए ।

राज्यले गर्ने सही र गलत काम पत्रकारले नै उजागर गर्ने र समाजले पनि पत्रकारलाई नै विश्वास गर्ने भएकोले क्षणिक स्वार्थमा लागेर गरिने पत्रकारिताले पेशागत विश्वसनीयतामा समेत नकारात्मक प्रभाव पार्ने भएकोले त्यस्तोमा नलाग्न आग्रह गरे ।

नेपाल मुस्लिम पत्रकार संघ पर्साका अध्यक्ष मन्सुर मियाँको अध्यक्षतामा भएको कार्यक्रममा प्रेस काउन्सिलका सदस्य लालबाबु शेख, नेपाल पत्रकार महासंघका केन्द्रीय लेखा समिति संयोजक केसी लामिछाने, मधेश प्रदेश अध्यक्ष श्याम बञ्जारा, पर्सा अध्यक्ष ओमप्रकाश खनाल लगायतले शुभकामना व्यक्त गरेका थिए । कार्यक्रममा नेपाल प्रेस युनियनकी केन्द्रिय सदस्य एव् महासंघ पर्साकी उपाध्यक्ष निलिमा पौडेल, प्रेस सेन्टर नेपालका केन्द्रिय सदस्य निरज पिठाकोटे मगर, सशस्त्र प्रहरी नायव उपरीक्षक नरेन्द्र सिंह धामी, वडा प्रहरी कार्यालयका प्रहरी निरीक्षक निरोज चौलागाई लगायत सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा स्व.पत्रकार नेहाल खानको परिवारलाई मुस्लिम पत्रकार संघको तर्फबाट ३१ हजार रूपैयाँ सहयोग रकम पनि हस्तान्तरण गरेको संघका अध्यक्ष मियाँले बताए ।

सम्पादकीय

# भारत सरकारको सहयोग

*नेपालको यातायात, जलविद्युत्, शिक्षा, राजमार्गलगायतका बहुआयामिक क्षेत्रमा दक्षिणको छिमेकी देश भारतको अतुलनीय योगदान छ । नेपालको संस्कृति, सभ्यता, सम्पदा र रहनसहनसँगै भाषिक र सांस्कृतिक पर्वहरुमा पनि समानता रहेको देश हो भारत । अतः नेपाल र भारतको सम्बन्ध त्रेतायुगदेखि नै रोटिबेटीको सम्बन्ध भनेर चर्चा गरिन्छ। नेपालको सर्वांगीण विकासमा भारत सरकारको योगदान छ । नेपालको भूगोलको तीनतिरको सिमानामा भारत नै अवस्थित छ । यसैले नेपाली रहनसहन र दैनिकी भारतसँग मिल्नुका साथै भारतीय जनजीवनलाई पनि नेपाली जनजीवन र रहनसहनले नै प्रभाव पारिरहेको छ। यो अवस्थामा भारत र नेपालको सम्बन्ध अरु प्रगाढ बन्नु पर्नेमा सबै एक मत छन् ।*

*नेपालको पशुपतिनाथदेखि धार्मिक मठमन्दिरहरु भारतको हिन्दूजनको आकर्षणको केन्द्र हो । यस्तै, जनकपुरधामको जानकी मन्दिर पनि भारतको सभ्यता र संस्कृतिसँग जोडिएको निधि हो । अझ पछिल्लो समय रामायण सर्किटका नाममा यी सम्बन्धहरुलाई अरु प्रगाढ र चिरस्थायी बनाउने काम भइरहेको छ। यसले विकासमा फड्को मारिररहेको र विश्वमा अद्वितीय शक्तिराष्ट्रहरुको पंक्तिमा उभिँदै गरेको भारतबाट नेपालले नै लाभ लिनु पर्छ।*

*पछिल्लो समय धार्मिक हिसाबले पनि जनकपुर र अयोध्या जोड्ने कुरालाई पर्यटन मन्त्रीले अयोध्या–जनकपुर सिधा हवाई उडानबारे चर्चा गरेका छन् । दैनिक दुई लाख भन्दा बढी हिन्दूजन अयोध्या पुगिरहँदा त्यहाँका केही प्रतिशत मात्रै पनि नेपाल आए जनकपुरधाम र मधेशको पर्यटन गुल्जार हुने विषय पनि जोडतोडका साथ अघि बढेको छ । यस्तो अवस्थामा भारतले नेपाललाई पर्यटनमा पनि धार्मिक हिसाबले मदत नै गर्न सक्ने देखिन्छ । नेपालका पूर्वाधार विकाससँगै भारतले गरेको योगदानलाई हामीले पनि छिमेकीप्रति सम्मान नै प्रकट गरेर थप लाभ लिनसक्ने रणनीति बनाउनु पर्छ न कि राजनीतिक लाभको हिसाबकिताब गरेर छिमेकी चिढाउने काममा मात्रै सीमित हुने गरी बस्ने हाम्रो आचरण बन्दै गएको छ। यसले हामीले छिमेकीसँग लिन सकिने अरु लाभकारी कार्यक्रम र अवसरहरुबाट वञ्चित हुने क्रम बढ्ने हो । यो नेपालको कुटनीतिक असफलता हो र यसलाई दीर्घकाल लम्ब्याउनु हुन्न भन्ने राजनीतिक नेतृत्वले बुझ्न जरुरी छ।*

*भारत आज आफ्नो ७६ औँ स्वतन्त्रता दिवस मनाउँदैछ । नेपालको राजनीतिक नेतृत्व यो समारोहमा औपचारिक रुपमा कतै उपस्थित हुने सूचना छैन । प्रदेश सरकारहरु पनि बेखबर नै छन् । भारतले नेपालको वृहत्तर हितका लागि गरेको सहयोगहरुमा पनि धन्यवाद र आभार प्रकट गर्दै आगामी दिनमा यस्तो दूरी नदेखिने गरी काम गर्न जरुरी छ । भारतीय स्वतन्त्रता दिवसको अवसरमा सबैमा शुभकामना । देशको हितमा सबै लागौँ तर छिमकीको चित्त दुखाइ गरेर मुलुकको हित कदापि हुन सक्दैन र यसले दीर्घकालसम्म असर पुर्याउँछ भन्ने बुझौँ। राजनीतिक नेतृत्व कुटनीतिक हिसाबले प्रस्तुत भएर मात्र दूरी र दरारहरु मेटिन सक्छ।*

# नेपालको विकासमा भारतको सहयोग

*वीरगंजस्थित भारतको महावाणिज्य दूतावासले मधेश प्रदेशका आठ जिल्लाका अतिरिक्त, चितवन र मकवानपुरमा पनि विकास निर्माणको क्षेत्रमा निरन्तर सहयोग गर्दै आएको छ । मधेश प्रदेशको मात्रै कुरा गर्ने हो भने पनि जयनगर–कुर्था रेललाइनको स्तरीकरण विस्तार, मोतिहारी–अमलेखगंज पेट्रोल पाइपलाइनको निर्माण, मुज्जफ्फरपुर–ढल्केवर तथा रक्सौल–परवानीपुर सीमापारि विद्युत् प्रसारण लाइनको निर्माण, वीरगंज–रक्सौल एकीकृत जाँचचौकीको निर्माण, भारत सरकारको सहयोगमा निर्मित सुक्खा बन्दरगाह (आइसिपी) निर्माण, हुलाकी सडक र राजमार्गको निर्माणलाई ठूलो उपलब्धीका रुपमा लिन सकिन्छ। त्यसैगरी उच्च प्रभावी सामुदायिक विकास आयोजना अन्तर्गत पचास भन्दा बढी विद्यालय र क्याम्पस भवन, स्वास्थ्य भवन, ग्रामीण विद्युतीकरण, विभिन्न नदीमा तटबन्धन निर्माणका कार्य सम्पन्न भएका छन्। थप २० आयोजना निर्माण कार्य प्रगतिमा छन्। नेपालको चतुर्दिक विकासमा भारत सरकारको सहयोग यात्रा विगत साढे सात दशकदेखि अनवरत रुपमा जारी छ।*

*भारतसित भएको विद्युत् विकास सम्झौता, विद्युत् व्यापार सम्झौताका कारण नै प्रसारण लाइनको निर्माण सम्भव भएको छ र अब नेपाल लोडसेडिङमुक्त भएको छ। हिउ“दमा नेपाललाई आवश्यक परेको बेला भारतसित बिजुली खरीद गर्ने र वर्षायाममा नेपालद्वारा उत्पादित बिजुली भारतमा बिक्री गर्ने काम भइरहेको छ। विगत दुई वर्षदेखि नेपालले भारतसित ऊर्जा व्यापारमा नाफा गरिरहेको अवस्था छ। यसले गर्दा देश आर्थिकरूपले पनि बलियो हु“दै गएको छ। केबल भारतमा बिजुली बिक्री गरेर मात्र पनि नेपाल खाडी राष्ट्रजस्तो आर्थिकरुपले सम्पन्न हुनसक्छ। त्यसैले विकास निर्माणको कार्यमा अनावश्यक विरोध प्रदर्शन हुनुहु“दैन।*



श्रीमन नारायण

दक्षिणी छिमेकी भारतले नेपालको चौतर्फी विकासमा सहयोग पु¥याउ“दै आएको छ। विगत साढे सात दशकमा भारतले नेपालको विकास कार्यमा गरेको सहयोग प्रशंसनीय छ। नेपालका साटवटै प्रदेश र देशका ७७ वटै जिल्लामा भारत सरकारले आफ्नो विकास निर्माणका आयोजना सञ्चालन गरेको छ। भारतले यो सहयोग विशेषतः पा“च क्षेत्रमा नेपाललाई ठूलै सहायता पु¥यायो। ती हुन्ः यातायात तथा सञ्चार, शिक्षा, स्वास्थ्य, औद्योगिकीकरण एवम् जलस्रोत तथा बिजुली । भारतको यो सहयोगलाई दुई चरणमा विभाजित गर्न सकिन्छ । सन् १९५० देखि हालसम्मको साढे सात दशकमा भारतले सहयोग गरे पनि तत्काल २००७ (सन् १९५०) देखि २०४६ (सन् १९९०) सम्मको सहयोग यात्राबारे चर्चा भइरहेको छ।

प्रायः विश्वका दुईवटा देशबीच कूटनीतिकस्तरमा मात्रै सम्बन्ध कायम रहेको हुन्छ। प्रत्येक देशको प्राथमिकतामा उसको आर्थिक र सामरिक महŒव निहीत रहेको छ । एक देशको सरकारले अर्को देशको सरकारसित मात्रै केबल कूटनीतिकस्तरमा मात्रै सम्बन्ध कायम राखेको हुन्छ तर नेपाल र भारतबीचको सम्बन्धलाई पनि यसै आधारमा परिभाषित गर्ने काम भयो भने सत्यको नजिकसम्म पुग्न सकिँदैन

। किनभने दुई देशबीचको सम्बन्ध बहुआयामिक र जनस्तरसम्मको रहेको छ। यो सम्बन्ध रोटीबेटीका साथै भ्रातृत्व र क्रान्तिको पनि रहेको छ। नेपालका प्रत्येक राजनीतिक परिवर्तनमा भारतको सहयोग रहिआएको छ साथै नेपालको आर्थिक विकासमा पनि भारतकै सहयोग अग्रणी छ। नेपालको प्राकृतिक संकटको घडीमा पनि सहयोगको निम्ति पनि अग्रपङ्क्तिमा देखिने पहिलो मित्रराष्ट्र भारत नै रहेको छ।

सन् १९५० को दशकमैं भारतले त्रिभुवन राजपथ र गौचरण हवाई अड्डा आप्mनो आर्थिक सहयोगअन्तर्गत निर्माण गरेपछि सन् १९५१ मा केबल ३ सय ७६ किलोमिटरको गाडी हिंड्ने मार्ग भएको नेपालमा आवतजावत निकै बढ्न गयो । भारतको रक्सौल (बिहार)लाई काठमाडौँसम्म जोड्ने त्रिभुवन राजपथ १९५३–५६ को अवधिमा ५.६५ करोड भारुमा भारतीय सेनाका इञ्जिनियरहरूले बनाएका थिए। भारत–नेपाल सिमानादेखि शुरू हुने यो राजमार्गले वीरगंज, सिमरा, अमलेखगंज, हेटौँडा, भीमफेदीलाई छुन्छ। यसरी नै नेपालको पहिलो हवाई अड्डास्वरूप भारतले सन् १९५४ मा गौचरण हवाई अड्डा (त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल)

७० लाख भारुमा निर्माण ग¥यो। भारतले नेपाललाई दिने आर्थिक अनुदान–सहयोगलाई अझै सुगठित बनाउन सन् १९५४ मा इन्डियन एडमिसन र १९६६ मा इन्डियन कोअपरेशन मिसन बनायो । तत्पश्चात् भारतले नेपालका अनेक भौगोलिक क्षेत्रमा विभिन्न विकासका आधार निर्माण ग¥यो । यी आधारले नेपालका गाउ“, शहर, पहाड, मधेशका समुदाय–समाजलाई आपसमा जोड्न ठूलै भूमिकाको निर्वाह गरे। नेपालमा सन् १९९० को दशकको प्रारम्भमैं बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको आगमन नहुन्जेल भारतले नेपाललाई प्रदान गरेका आर्थिक अनुदान र कार्य सा“च्चै आकर्षक एवम् विश्लेषण गर्न लायक कै छ। गएको तीन दशकमा भारतले नेपाललाई पु¥याएको सहयोग अझै भिन्न प्रकारको छ। यद्यपि नेपालको राजनीतिमा वामपन्थी दलहरूको बढ्दो प्रभावकारी एवम् निर्णायक



भूमिकाका कारण भारतले सहयोग गर्न खोज्दा पनि समयसमयमा विरोध र अवरोधको अवस्था उत्पन्न भयो। तथापि नेपालका करिब सबै जिल्लामा भारतीय सहयोगका परियोजना सम्पन्न भएका छन्, भइरहेका छन्। यहा“ केबल सन् १९९० भन्दा अघि भारतीय सहयोगमा सम्पन्न भएका परियोजनाबारे चर्चा गरिदैँछ।

सन् १९६४ मा सिद्धार्थ राजमार्ग (सुनौली–पोखरा)को निर्माण शुरू गरियो। २ सय किलोमिटरको राजमार्ग २० करोड भारु खर्च गरी १९७० मा पूरा गरियो। नेपालको पूर्व–पश्चिम महेन्द्र राजमार्गको नौ सय किलोमिटरको दूरीमा भारतले ६ सय ४६ किलोमिटर निर्माण गर्ने तय गरेपछि २८.३८ करोड भारुको अनुदानमा यसको तीन सय किलोमिटरको पूर्वी भाग (का“कडभिट्टा–ढल्केबर) १९६७ मा शुरू गरी १९७५ मा सम्पन्न ग¥यो। यसरी नै २ सय ५१ किलोमिटरको मध्यभाग (बुटवल–नेपालगंज) १० करोड भारुको अनुदानमा १९८६ मा पूरा भयो। अन्तिम पश्चिमी भाग (कोहलपुर–बनवासा) पनि भारतीय आर्थिक सहयोग अन्तर्गत नै निर्माण गरियो । यसरी नै भारतले काठमाडौँ–त्रिशूली मार्ग (१९६२), काक्रावा–लुम्बिनी मार्ग (१९५८), त्रिपुरेश्वर–थानकोट मार्ग (१९६६), काठमाडौँ–दक्षिणकाली मार्ग (१९६९), काठमाडौँ–गोदावरी मार्ग (१९७५), हनुमाननगर–फत्तेपुर मार्ग (१९७७) लगायतका सडक बनायो। काठमाडौँको वीर अस्पताल र त्रिभुवन राजमार्ग भारतकै सहयोगमा निर्माण भएका हुन्।

सन् १९६० को दशकमा भारतले नेपालका अन्य व्यावसायिक एवम् पर्यटन केन्द्रमा हवाई अड्डा निर्माणमा व्यापक अनुदान दिने काम ग¥यो। यसैअन्तर्गत विराटनगर, जनकपुर, सिमरा, भैरहवा अनि पोखरामा विमानस्थलको निर्माण भयो । नेपालमा हुलाक कार्यालय र सञ्चार व्यवस्था अति नै प्रारम्भिक अवस्थामा रहेको बखत भारतले गाउ“–शहर–नगरमा रेडियो, टेलिफोन, टेलिप्रिन्टर, ओभरहेड, ट्र्यांक कोन्स, टेलिग्राफ, टिलेबस मेसिन, कोक्सियल केबल पु¥यायो। नेपालको पहिलो हुलाक कार्यालय १२ लाख भारुमा भारतीय अनुदान अन्तर्गत नै १९६८ मा निर्माण गरियो । यसरी नै शिक्षा क्षेत्रमा भारतले नेपालमा विश्वविद्यालय निर्माणको अनुदानबाहेक पुस्तकालय, प्रयोगशाला, भारतमा अध्ययन गर्ने छात्रछात्रालाई छात्रवृत्ति व्यापकरूपमा अघि राख्यो । सुन्दरीजल (काठमाडौँ)बाहेक वीरगंज अनि अमलेखगंज (१९६२), विराटनगर (१९६४), जनकपुर अनि पोखरा (१९६६), भैरहवा अनि भक्तपुरमा खानेपानी आपूर्तिमा भारतीय अनुदान छ।

काठमाडौँसहित कैलाली, राजविराज, धनगढी, तौलिहवा, इलाम, गुल्मीमा अस्पताल एवम् विभिन्न स्वास्थ्य चौकीमा प्रशिक्षण दिने प्रबन्धमा भारतको अनुदान सक्रिय थियो। पशु चिकित्सा, वन पर्यावरण, फलपूm ल, कृषिक्षेत्रका अनेकौँ परियोजनासहित पाटन, नेपालगंज र धरानमा औद्योगिक केन्द्र भारतको आर्थिक अनुदान अन्तर्गत नै बनाइए। जलसंशाधन एवम् बिजुली उत्पादनका क्षेत्रमा भारतले सन् १९५४ मा कोशी परियोजना सम्झौतामा हस्ताक्षर गरेपछि १९९९ मा बिहारस“ग जोडिएको सीमा क्षेत्रमा १ सय २० किलोमिटर लामो तटबन्ध बनायो । २० मेगावाट बिजुली उत्पादनको व्यवस्था पनि गरियो।

कोशी सम्झौताबारे नेपालका केही पक्ष नकारात्मक सन्देश प्रवाहित गर्ने अभियान नै चलाएका छन् तर तत्कालीन प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाको डायरीका पानाहरूलाई देशको एक प्रतिष्ठित पत्रिकाले प्रकाशित गरेको थियो, जसमा उनले तत्कालीन परिस्थिति र नेपालको आर्थिक एवम् सामाजिक अवस्था समीक्षा गर्दा त्यतिबेला गरिएको कोशी सम्झौताभन्दा राष्ट्रवादी सम्झौता अर्को कुनै आजसम्म नभएको कुरा उल्लेख भएको थियो। उनले त्यति बेला कोशी सम्झौता नगरिएको भए सप्तरी, सिरहा र सुनसरीको अस्तित्व नै नामेट भइसक्ने दाबी गरे। यसरी नै १९५९ मा भारत–नेपालबीच गण्डकी नदी सम्झौता भएपछि १९५९–८४ सम्मको लामो अवधिमा तटबन्ध निर्माणस“गै १४ मेगावाट बिजुली उत्पादनको प्रबन्ध मिलाइयो । १९७२ मा १ हजार ३ सय ५५ करोड भारुमा भारतले २१ मेगावाटको त्रिशूली जलविद्युत् परियोजना र १९८४ मा १४ मेगावाटको देवीघाट परियोजना बनायो । सन् १९५०–९० सम्मका चार दशकमा भारतले गरेको सहयोग अविस्मरणीय र महŒवपूर्ण मान्नुपर्दछ किनभने त्यतिबेला नेपाललाई यसको अत्यधिक आवश्यकता थियो।

नेपालमा प्रजातन्त्र पुनस्र्थापना भएको विगत तीन दशकमा पनि भारतले नेपालको चौतर्फी विकासमा महŒवपूर्ण सहयोग गर्दै आएको छ। भारतले चाहेर पनि नेपालका ठूला परियोजनामा लगानी तथा सहयोग गर्न नसक्नुको प्रमुख कारण हाम्रो देशमा भारतबारे विकसित गरिएको नकारात्मक भावना र मानसिकताका कारणले हो । भारतको नाम सुन्नेबित्तिकै त्यसमा अनर्थ मात्रै हेर्ने मानसिकताका कारण पनि यस अवधिमा भारतको सहयोग त्यति बढी हुनसकेन।

पानीको नाम सुन्नेबित्तिकै भारतसित सम्झौता नगर्ने मानसिकताले देशलाई दशकौँसम्म अ“ध्यारोमा राख्ने काम ग¥यो। आखिर भारतसित भएको विद्युत् विकास सम्झौता, विद्युत् व्यापार सम्झौताका कारण नै प्रसारण लाइनको निर्माण सम्भव भएको छ र अब नेपाल लोडसेडिङमुक्त भएको छ। हिउ“दमा नेपाललाई आवश्यक परेको बेला भारतसित बिजुली खरीद गर्ने र वर्षायाममा नेपालद्वारा उत्पादित बिजुली भारतमा बिक्री गर्ने काम भइरहेको छ। विगत दुई वर्षदेखि नेपालले भारतसित ऊर्जा व्यापारमा नाफा गरिरहेको अवस्था छ । यसले गर्दा देश आर्थिकरूपले पनि बलियो हु“दै गएको छ। केबल भारतमा बिजुली बिक्री गरेर मात्र पनि नेपाल खाडी राष्ट्रजस्तो आर्थिकरुपले सम्पन्न हुनसक्छ । त्यसैले विकास निर्माणको कार्यमा अनावश्यक विरोध प्रदर्शन हुनुहु“दैन।

दक्षिण छिमेकी भारत आफ्नो ७६ औँ गणतन्त्र दिवस मनाइरहेको छ । भारतको विगत ७५ औँ वर्षको सम्वैधानिक यात्रा संघीय लोकतान्त्रिक गणतन्त्रामक शासनप्रणाली आत्मसात् गरेको कुनै पनि देशको निम्ति प्रेरणाको स्रोत हुनसक्दछ । मित्रताको मापदण्ड केबल लेनदेन मात्र हुनसक्दैन तर पनि भारतले नेपालको विकासमा सद्भाव देखाउनुका साथै समुचित सहयोग र समर्थन पनि गर्दै आएको छ।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# अधिकांश बहुवर्षीय योजनाको काम अन्तिम चरणमा




**बागमती ।**
सहरी विकास तथा भवन कार्यालय मकवानपुर हेटौँडाद्वारा सञ्चालित अधिकांश बहुवर्षीय योजनाको काम अन्तिम चरणमा पुगेका छन् । निर्धारित समयमै योजना सम्पन्न गर्न कार्यालयले नियमित अनुगमन र निगरानी बढाएपछि बहुवर्षीय योजनाको कामले तीव्रता पाएको हो ।

हेटौँडा उपमहानगरपालिका–१० मा निर्माणाधीन बागमती प्रदेशसभा हलको काम सम्पन्न भई हस्तान्तरणको क्रममा रहेको सहरी विकास तथा भवन कार्यालय मकवानपुरका प्रमुख इञ्जिनियर सुवोध अधिकारीले जानकारी दिए ।

अघिल्लो आर्थिक वर्ष २०८०–८१ मा सम्झौता भई निर्माण शुरू भएको प्रदेशसभा हलको काम यही पुस महिनामा सम्पन्न भइसकेको र छिट्टै हस्तान्तरण गर्ने तयारी भइरहेको प्रमुख अधिकारीले बताए । 'भवन निर्माण तथा रङरोगनको काम सकिएको छ', प्रमुख अधिकारीले भने, 'प्रदेशसभा हलमा हाल्नुपर्ने फर्निचरहरू खरिदको प्रक्रियामा छ, फर्निचर हालिएसँगै प्रदेशसभा हल हस्तान्तरण हुन्छ ।' हाम्रो तर्फबाट गर्नुपर्ने सबै काम सम्पन्न भइसकेको र अब फर्निचरलगायत समान हाल्न मात्र बाँकी छ, उनले भने । भ्याटसहित कूल तीन करोड ५३ लाख ६१ हजार पाँच सय ८३ रुपैयाँको लागतमा सिउँडी निर्माण सेवा हेटौँडाले प्रदेशसभा हलको निर्माण गरेको हो । प्रदेशसभा सचिवालयको कार्यालय नजिकै निर्माण गरिएको प्रदेशसभा हलमा सभा हलसँगै सभामुख र उपसभामुखको कार्यकक्ष तथा पत्रकार र पर्यवेक्षकहरू बस्ने कक्षको निर्माण गरिएको छ ।

हेटौँडा उपमहानगरपालिका–२ मा निर्माणाधीन बागमती प्रदेश सरकारको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् सभाहलको काम अन्तिम चरणमा पुगेको छ । आर्थिक वर्ष २०७७÷७८ मा सम्झौता भई चालु आर्थिक वर्ष २०८१÷८१ मा सम्पन्न गर्ने गरी निर्माण भइरहेको मुख्यमन्त्री सभाहलको हालसम्म ९९ प्रतिशत काम सम्पन्न भइरहेको सहरी विकास तथा भवन कार्यालय मकवानपुरले जनाएको छ । भवन निर्माणको काम सम्पन्न भइसकेको र रङरोगनको काम अन्तिम चरणमा पुगेकाले यही २०८१ चैत महिनासम्ममा सम्पन्न हुने सहरी विकास तथा भवन कार्यालय मकवानपुरका प्रमुख इञ्जिनियर अधिकारीले बताए । उनका अनुसार संरक्षण, सेभ जेभी भरतपुरले भ्याटसहित पाँच करोड २६ लाख ८३ हजार तीन सय ५९ रुपैयाँको लागतमा यो सभाहल निर्माणको काम गरिरहेको छ । त्यस्तै हेटौँडा उपमहानगरपालिका–१ स्थित हेटौँडा अस्पताल भवनको काम पनि तीव्र रूपमा भइरहेको छ । सहरी विकास तथा भवन कार्यालय मकवानपुरका अनुसार अस्पताल भवनको काम हालसम्म ८० प्रतिशत सम्पन्न भइसकेको छ । बिकोईरनवसिर्जनशील जेभी काठमाडौँले ठेक्का पाएको अस्पताल भवन निर्माणको काम चाँडौ सकिने गरी तीव्र रूपमा काम भइ रहेको जनाएको छ । भ्याटसहित कूल २६ करोड ६४ लाख २५ हजार दुई सय ८० रुपैयाँको लागतमा निर्माण भइरहेको अस्पताल भवनको निर्माणको काम सम्पन्न गर्न २०८१ असार मसान्तसम्म समयावधी भए यही २०८१ फागुन महिनाभित्र सम्पन्न गर्ने अनुमान गरिएको प्रमुख इञ्जिनियर अधिकारीको भनाइ छ । अस्पतालले जग्गाको व्यवस्थापन नगर्दा अस्पताल भवन निर्माणमा केही ढिलाइ भएको हो ।

कार्यालयको बहुवर्षीय योजनाअन्तर्गत चितवनमा निर्माणाधीन जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय भवन र भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयको भवन चालु आर्थिक वर्षभित्रै सकिने गरी काम भइरहेको छ । दुवै कार्यालय भवनको गत २०८० चैत महिनामा सम्झौता भएको थियो । सम्झौता भए लगतैबाट निर्माण सुरू भएको ती कार्यालयको करिब ७० प्रतिशत काम सम्पन्न भएको कार्यालय प्रमुख ई अधिकारीले बताए ।

चितवनको राप्ती ४ मा निर्माणाधीन इको टुरिजम पार्क, शिखर हरियाली को काम चालु आर्थिक वर्षभित्रै सकिने गरी काम तीव्र रूपमा अघि बढेको छ । कार्यालय प्रमुख ई अधिकारीका अनुसार टुरिजम पार्कभित्रका करिब ९५ प्रतिशत काम सकिएको र बाँकी काम तीव्र रूपमा भइरहेको छ । कूल सात करोड छ लाख ९६ हजार रुपैयाँको लागतमा निर्माण भइरहेको पार्कको काम चालु आर्थिक वर्ष २०८१÷८२ को असारसम्ममा सकिने लक्ष्य रहेको उनले बताए ।

त्यस्तै चितवनको रत्ननगरस्थित बकुलहर रत्ननगर अस्पताल मातृ शिशु भवनको काम चालु आवभित्रै सकिने गरी काम अघि बढेको छ । कूल नौ करोड ५८ लाख ८६ हजार रुपैयाँमा ठेक्का सम्झौता भएको सो शिशु भवन निर्माण काम हालसम्म ९० प्रतिशत सम्पन्न भइसकेको सो कार्यालयले जनाएको छ ।

बहुवर्षीय योजनाका काममा विभिन्न केही कारणले बीचमा ढिलाइ भए पनि सम्झौता अवधिभित्रै काम सम्पन्न गर्न निर्माण कम्पनीसँग समन्वय भइहेको प्रमुख ई अधिकारीको कथन छ । रासस

# सुन्तला महोत्सवमा अतिथिलाई सुन्तलाकै माला, सुन्तला नै उपहार




**म्याग्दी ।**
म्याग्दीको सदरमुकाम बेनी बजारसँगै रहेको पर्वतको जलजला गाउँपालिका–१ बाँसखर्कमासुन्तला महोत्सव भएको छ ।

महोत्सवमा सुन्तला खेतीसम्बन्धी प्रविधि प्रसार, कृषक र सरोकारवालाबीच साक्षात्कार, सुन्तला प्रर्दशनी, उत्कृष्ट कृषकलाई पुरस्कृत गर्नुका साथै स्थानीय मौलिक पुख्र्यौली, भजन र पञ्चेबाजा प्रर्दशनी गरिएको थियो ।

बाँसखर्कको सुन्तला खेतीको सम्भावना उजागर र कृषकका समस्या समाधानका लागि सरोकारवाला निकायको ध्यानाकर्षण गराउने उद्देश्यले जलजला गाउँपालिका र वडा नं १ को कार्यालयले महोत्सव आयोजना गरेको वडा अध्यक्ष जगबहादुर रोकाले बताए ।


महोत्सवको अवसरमा अगुवा कृषक जगतबहादुर खत्री, शान्तबहादुर छिन्तेल र हेमकुमार अर्मजा, तेजबहादुर खत्री र नरबहादुर पाइजालाई नगद रु पाँच हजारसहित सम्मान गरिएको थियो । अतिथिलाई सुन्तलाको माला लगाएर स्वागत र सुन्तलानै उपहार दिएर बिदाइ गरिएको थियो । आमा समूहले सुन्तला खेतीसम्बन्धी भजन र गीत प्रस्तुत गरेका थिए ।

पाखाभरी लटरम्म फलेका सुन्तला पाकेर पहेलपुर बनेको बाँसखर्कमा भएको सुन्तला महोत्सवले कृषि पर्यटन प्रवद्र्धन र मौलिक लोक संस्कृतिको संरक्षणमा पनि सहयोग पुगेको जलजला गाउँपालिकाका अध्यक्ष राजुप्रसाद आचार्यले बताए ।

महोत्सवमा सहभागी हुन आएका गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री पद्यमा जिसी श्रेष्ठ, उद्योग तथा पर्यटन मन्त्री मित्रलाल वस्याल, राष्ट्रियसभा सदस्य मनरुपा शर्मा, प्रदेश सांसद भक्त कुँवर, रेखा गुरुङ, गण्डकी प्रदेशका प्रमुख सचिव राघुराम बिष्ट र कृषि सचिव वासुदेव रेग्मीसँग सडक, सिँचाइ, खानेपानी र पहिरोको विषयमा कृषक तथा जनप्रतिनिधीले ध्यानाकर्षण गराए ।

'सिँचाइको समस्याले सुन्तला खेती विस्तार, पहिरोका कारण सुन्तला फार्मसहित बस्ति जोखिममा परेको र कच्ची सडकबाट बाँसखर्कको सुन्तला ढुवानी गर्दा थिच्चिएर नष्ट हुने समस्याको बारेमा राज्यको माथिल्लो निकायमा रहेका पदाधीकारीलाई प्रत्यक्ष ल्याएर देखाएका छौँ,' गाउँपालिकाका अध्यक्ष आचार्यले भने,'विद्युतको समस्याले आठ वर्षअघि निर्माण भएको चिस्यानगृह सञ्चालन गर्न नसकिएको विषयमा पनि महोत्सवमा सहभागी हुन आएका अतिथिको ध्यानाकर्षण गराएका छौँ ।' बेनीदेखि बाँसखर्क जोड्ने छोटो दुरिको बगरफाँट–बाँसखर्क सडक योजनाको ठेक्का लागेपनि आठ वर्षसम्म काम नभएको र योजना नै हराएको विषयमा अध्यक्ष आचार्यले मुख्यमन्त्रीको ध्यानाकर्षण गराए। घरघरमा धारा निर्माण र मिटर जडान भएपनि खानेपानी वितरण हुन नसकेको समस्याका बारेमा उनले जानकारी गराए ।रासस

# देश विदेशमा प्रवर्द्धन गरिँदै स्थानीय कफी




पाल्पा ।
झोलामा कफी बोकेर गाउँ–गाउँमा बिक्रीका लागि पुग्दा धेरैको हाँसो मजाकको पात्र बने, काम नपाएर कफी बेच्न गाउँ डुले जस्तो व्यवहार मैले भोग्नुपर्यो, तैपनि हिम्मत भने आफूमा राखिरहे, कफीको प्रवद्र्धनका लागि गाउँ धाइरहन्थे । अहिले भने परिस्थिति बदलिएको छ, कफी खरिद गर्न घरमै ग्राहक आउछन् ।

यो अनुभव युवा प्रेमबहादुर सिंह ठकुरीको हो । उनि पाल्पा रामपुर नगरपालिका–५ भम्बक निवासी हुन् । उनले कफी व्यवसायमार्फत आफ्नो पहिचान बदलेका छन् । पाँच वर्षअघि उहाँलाई कफी व्यवसायबाट समाजमा चिनिन्छु भन्ने लाग्दैनथ्यो । हाल उनको पहिचान प्रेमबहादुर नभई कफी व्यवसायी तथा धेरैका कफी दाइका नामले परिचित छन् । उनलाई जीवनमा सोच्दै नसोचेको पहिचान प्राप्त भएको छ ।

नेपालका गाउँघर, सहर, बजारमा मात्र नभइ विदेशी भूमिमा कफी निर्यात हुन थालेपछि व्यवसायलाई दीर्घकालीन रूपमा टिकाउनुपर्छ र यसमै निरन्तरता दिएर काम गर्नुपर्छ भन्ने अठोट उनमा बढेको छ । उनले 'अर्गानिक चिया तथा कफी' को नामबाट व्यवसाय दर्ता गरी आफ्नै घरमा प्रशोधन मेसिन जडान गरी सञ्चालन गरिरहेका छन् ।

हाल प्रेमबहादुरले जापान, कोरिया, जर्मन, युएई, माल्टालगायत देशमा कफी निर्यात गर्दै आएका छन् । उनका अनुसार विदेशमा ट्राभल गर्ने साथीको सहायताबाट यहाँको कफी बाहिर पठाउने कार्य भइरहेको छ । काठमाडौं, पोखरा, बुटवल, तानसेनलगायत बजारमा खपत हुने गरेको छ । यसवर्ष कोरिया, जापान, जर्मन, माल्टा, युएईमा पटक–पटक गरेर करिब एक सय किलो कफी खपत गरेको उनले जानकारी दिए । गतवर्ष सोही परिमाणको हाराहारीमा खपत भएको थियो ।

'घरमा लगाएको कफी उत्पादन भयो, त्यसलाई प्रशोधन गर्न थाले, प्रशोधित कफी अब कहाँ बिक्री गर्ने, यसबारेमा अन्यौलमा थिए, स्थानीयको घरदैलोमा पुग्दा त्यस समयमा धेरैले खिसिट्युरी गर्थे, कहाँ लगेर बिक्री गर्ने, कसैले चिन्दैनथे, दोधारमा परे,' प्रेमबहादुरले आफ्नो अनुभव सुनाउँदै भने,'निरन्तरको अथक मेहिनत र शरीर थाके पनि हिम्मतलाई थाक्न दिइन, जसको घरघरमा हिजो गाउँमा कफी बेच्न पुगे, आज उहाँहरू नै मेरै घरमा खरिद गर्न आउनुहुन्छ ।'

उत्पादित वस्तु राम्रो भयो भने समय ढिला होला तर एक दिन अवश्य बजार पाउँदो रहेछ भन्ने प्रेमबहादुरको अनुभव । ग्राहक तथा व्यापारीलाई बुझाउन सकियो भने विस्तारै व्यापार राम्रो हुने गरेको उनले बताए । उनि आफैँले कफी उत्पादन, खरिद र प्रशोधन गरेर बजारमा पठाउछन् । खाद्य तथा गुण नियन्त्रण कार्यालय भैरहवामा ल्याव टेष्ट गरेर प्रमाणित भएपछि बजारीकरण थालेका हुन् । चिया कफी विकास बोर्डले तोकेको मूल्यअनुसार बजारमा बिक्री हुन्छ ।

स्याङ्जाको चापाकोट नगरपालिका–४ लग्दामा करिब आठ वर्षअघि पाँच रोपनीमा जग्गाबाट कफी खेती सुरू गर्नुभएका प्रेमबहादुरले दुई वर्षअघि चापाकोट–७ पटसारमा करिब ३५ रोपनीमा कफी विस्तार गरेका छन् । विसं २०७८ देखि कफी प्रशोधनको व्यवसाय शुरू गरेका उनको व्यवसायमा करिब २५ लाख रुपैयाँ बराबरको लगानी परेको छ । उनले विरूवा उत्पादन गर्ने, गाउँघरमा किसानलाई कफी लगाउन प्रेरणा दिने, स्थानीयलाई कफीका बिरूवा उपलब्ध गराउँदै आएका छन् ।

आउँदो असार–साउनमा करिब १६ हजार बिरूवा लगाउने प्रेमबहादुरको तयारी छ । प्रशोधित कफीको तुलनामा बिरूवा बिक्रीबाट राम्रो फाइदा हुने उनको अनुभव छ । एक वर्षमा हाल पाँच क्वीन्टल आफ्नै उत्पादन र १३ क्वीन्टल स्थानीयबाट खरिद गरिरहेको उनि बताउछन् । वार्षिक रूपमा सरदरमा प्रशोधन गरिएको एक टन कफी बजारमा खपत गर्छन् ।

प्रेमबहादुरका अनुसार अहिले स्थानीय होटल तथा रेष्टुरेण्टबाट कफीको माग धेरै आइरहेको छ । गाउँघरमा कफी सेवन गर्नुपर्छ भन्ने आदत बसेको छ । एक पटक खरिद तथा सेवन गरेका ग्राहक पुनःपटकपटक आउने गर्छन् ।

प्रेमबहादुर वैदेशिक रोजगारीको क्रममा आठ वर्ष कोरियाको कफी कम्पनीमा काम गरे । त्यहाँ कफी उत्पादन, प्रशोधन र बजारीकरणका सीप सिके ।

गुल्मीमा उत्पादन भएको कफी आफू कार्यरत कम्पनीको सञ्चालकले खरिद गरी हिमालयको गिफ्ट नामले प्रशोधन गरी बजारमा बिक्री गरेको देखेका उनि आफ्नै देशमा गर्न सक्ने सम्भावना देखेर गाउँ फर्केपछि व्यवसायमा लागेका हुन् ।

नेपालमा देशमा उत्पादन भएको कफी विदेशीले महँगो मूल्यमा ब्राण्ड बनाएर बजारमा बिक्री गरिरहेकाले हामीले पनि उत्पादन गर्न सक्छौँ भन्ने विश्वास लागेपछि उनले गुल्मीबाट बीउ ल्याएर खेती सुरू गरेका हुन् । उनि बरमुन अर्मिलो, बरमुन भर्बिलो, गेइसिया जातका कफी खरिद बिक्री गर्छन् । स्थानीय उत्पादन भएकाले ग्राहकले धेरै मन पाएका छन् ।

बजारीकरणका लागि रामपुर नगरपालिकाले सहजीकरण गरिदिएको प्रेमबहादुरले बताए । युवा जनशक्ति विदेशमा जानुभन्दा आफ्नै गाउँमा बसेर केही व्यवसाय गर्न उनको सुझाव छ । देउला (कफीको कच्चापदार्थ) अर्थात् बोक्रा फालेको कफीको माग धेरै आउने गरेको छ । प्रशोधन गर्न थालेपछि गाउँका किसानले उत्पादन गरेका कफी बिक्री गर्न सजिलो भएको छ । नगरपालिकाले तयार पारेको कोसेली घरमा कफी बिक्रीको व्यवस्था मिलाएको नगरप्रमुख रमणबहादुर थापा बताउछन् ।

'व्यवसायीलाई हौसला प्रदान गर्दै नगरपालिकाको विभिन्न अनुदान कार्यक्रम, तालिम तथा बजारीकरणमा सहजीकरण गरिरहेका छौँ, नगरपालिकामा बाहिरबाट आउने पाहुनालाई स्थानीय उत्पादन उपहारको रूपमा दिन स्थानीय व्यवसायीबाट खरिद गरिदिने गरेका छौँ, आयआर्जन बढाउन उत्पादनमूलक क्षेत्रमा नगरपालिकाले लगानी गरिरहेको छ', नगर प्रमुख थापाले भने ।

कफी व्यवसायलाई प्रवद्र्धन गर्दै यसवर्ष रामपुर नगरपालिकाको युवा स्वरोजगार कार्यक्रममार्फत ब्याज अनुदान कार्यक्रमका समावेस गरी १० लाख रुपैयाँ बराबर रकमको ब्याज उपलब्ध गराइने कृषि शाखा प्रमुख नारायणप्रसाद गैरेले बताए । व्यवसायका लागि रामपुरस्थित विभिन्न बैंक तथा वित्तीय संस्थाबाट लिइएको ऋण रकमवापत व्यवसायीले मासिक रूपमा बुझाउनुपर्ने ब्याज तीन÷तीन महिनामा दुई वर्षसम्म खातामा उपलब्ध गराइने उनको भनाइ छ । रासस

# सुडानको डार्फरस्थित साउदी अस्पतालमा ड्रोन आक्रमण, ३० जनाको मृत्यु



**डार्फर ।**
सुडानको डार्फर क्षेत्रको अल–फशेरमा रहेको साउदी अस्पतालमा ड्रोन आक्रमण हुँदा ३० जनाको मृत्यु हुनुका साथै दर्जनौं घाइते भएका छन् ।

साउदी अस्पतालमा भएको बम विस्फोटले यस क्षेत्रका बिरामीको आकस्मिक उपचार गर्न उपलब्ध एकमात्र अस्पतालको भवन 'ध्वस्त' पारेको स्रोतले एएफपीलाई बताएको छ ।

सुडानमा युद्धरत कुन पक्षले आक्रमण गरेको हो भन्ने तत्काल स्पष्ट हुन सकेको छैन । अप्रिल २०२३ देखि सुडानी सेना अर्धसैनिक ¥यापिड सपोर्ट फोर्सेज (आरएसएफ)सँग युद्धमा छ । समूहले डार्फरको लगभग सम्पूर्ण विशाल पश्चिमी क्षेत्र कब्जा गरेको छ ।

उनीहरूले उत्तरी डार्फर राज्यको राजधानी अल–फाशेरलाई गत मेदेखि नै घेरा हालेका छन्, तर सेना समर्थित मिलिसियाले पटक–पटक प्रतिकार गरी उनीहरूलाई पछि धकेलेको थियो र उनीहरूले शहरमा आफ्नो दाबी गर्न सकेका छैनन् ।

मेडिकल स्रोतका अनुसार सोही भवनमा केही हप्ताअघि आरएसएफले ड्रोन आक्रमण गरेको थियो ।

अल–फाशेरमा स्वास्थ्य सेवामा आक्रमण व्यापक रूपमा भइरहेको छ, जहाँ 'डक्टर्स विदाउट बोर्डर्स'ले यसै महिना साउदी अस्पताल 'शल्य चिकित्सा क्षमता भएको एकमात्र सार्वजनिक अस्पताल भएको' बताएको थियो ।

सरकारी तथ्याङ्कअनुसार लडाइँका कारण देशभरका ८० प्रतिशतसम्म स्वास्थ्य संस्था सेवाबाट बञ्चित भएका छन् ।

यस युद्धले अहिलेसम्म दशौं हजारको ज्यान लिइसकेको छ, एक करोड २० लाखभन्दा बढीलाई विस्थापित गरेको छ र लाखौंलाई सामूहिक भोकमरीको सङ्घारमा पु¥याएको छ ।

संयुक्त राष्ट्रसङ्घ समर्थित एक आँकलनअनुसार अल–फशेर आसपासका क्षेत्रमा तीन विस्थापन शिविरहरू जमजम, अबु शौक र अल–सलाममा अनिकालले कब्जा जमाइसकेको छ र मे सम्ममा शहरसहित थप पाँच क्षेत्रमा विस्तार हुने अपेक्षा गरिएको छ ।–रासस

# बैंकको कर्जा र विकास खर्चको तथ्याङ्कले देखाएको अर्थतन्त्रको ‘निराशाजनक’ तस्बिर

**काठमाडौँ।**
नेपालको केन्द्रीय बैंकले चालु आर्थिक वर्षको पहिलो पाँच महिनाको आर्थिक तथा वित्तीय स्थिति सार्वजनिक गर्ने क्रममा बैंकको निक्षेपभन्दा कर्जामा वृद्धि भएको देखाए तापनि त्यसको दर अझै ‘उत्साहित हुने’ अवस्थाको नरहेको विज्ञहरूले टिप्पणी गरेका छन् । नेपाल राष्ट्र बैंकका प्रवक्ता भने यसले बजारमा ‘माग सिर्जना हुने थालेको’ सङ्केत गर्ने र अर्थतन्त्रले लय समात्न थालेको रूपमा बुझ्न सकिने बताउँछन् । ‘बचतभन्दा कर्जा बढी गइरहेको अवस्था रहेकाले कर्जाको माग छैन भन्ने अवस्था छैन। तर त्यो अर्थतन्त्रको क्षमताअनुसारको भने होइन। त्यसका लागि पुँजीगत खर्च पनि बढ्नुपर्ने हुन्छ’, राष्ट्र बैंकका प्रवक्ता रामु पौडेल भन्छन् । ‘पुँजीगत खर्च बढ्दा त्यसमा माथिदेखि तलसम्म सरोकारवाला सबैसम्म पैसा पुग्छ र अन्य आर्थिक गतिविधि चलायमान हुन मद्दत गर्छ।’




राष्ट्र बैंकको विवरणमा यस आर्थिक वर्षको आधा अवधि सकिँदाको अवस्थामा समेत झन्डै १३ प्रतिशत पुँजीगत खर्च भएको देखिन्छ । एक अर्थविद् सरकारी खर्च गर्ने अभावमा निजी क्षेत्रमा आत्मविश्वास नआएको भन्दै ‘तत्काल धेरै सुधार आइहाल्ने सम्भावना नदेखिने’ टिप्पणी गर्छन् । ‘पुरानो रोग नै हो, सरकारले पुँजीगत खर्च गर्नै सकेन। उसले ठेकेदारको पैसा, उखु किसानको भुक्तानी, बीमाको पैसा दिन सकिरहेको छैन। सरकारले पहिलेकै अर्बौँ रकम भुक्तानी दिन सकिरहेको छैन’, अर्थविद् केशव आचार्य भन्छन् । ‘जति बेलासम्म राज्यले खर्च गर्न सक्दैन, तबसम्म निजी क्षेत्रले पनि खर्च गर्न सक्दैन । राज्यले अर्थतन्त्रमा एक रुपैयाँ खर्च गर्दा निजी क्षेत्रले कम्तीमा तीन रुपैयाँ खर्च गर्छ भन्ने गरिन्छ ।’ हालै उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलले कृषि विकास ब्याङ्कको वार्षिकोत्सवका अवसरमा बोल्ने क्रममा निक्षेपको तुलनामा कर्जा प्रवाह हुन नसक्नु ‘चिन्ताको विषय’ बनिरहेको बताएका थिए।




**बैंकमार्फत् देखिएको निराशा**
नेपालको अर्थतन्त्रको एउटा कमजोर चित्र बैंकको खराब अवस्थासँगै देखा परिराखेको विज्ञहरू बताउँछन् । त्यसो भनेर उनीहरूले पर्याप्त मात्रामा कर्जाको माग हुन नसकिरहेको र ऋण असुलीमा समेत समस्या देखा परिरहेको अवस्थालाई देखाएका छन् । ‘भाका नाघेको एक वर्षभन्दा बढी पुगिसकेका कर्जाको आकार ४.५ प्रतिशतजति पुग्नु निकै चिन्ताजनक सूचक हो’, अर्थविद् आचार्य भन्छन् । ‘आन्तरिक अर्थतन्त्रको लगानीको मूल स्रोत भनेकै बैंकबाट आउने कर्जा हो । गत वर्ष यतिखेर १२–१३ प्रतिशत कर्जाको दर पुगेकोमा यतिखेर ७ प्रतिशततिर झर्दा समेत त्यसको माग बढेको छैन ।’ सुनमा ’भारतमा जस्तै’ भन्सारदर बनाइँदा नेपालमा भाउ ह्वात्तै घट्यो, अब ’आयात कोटा बढाउन’ व्यवसायीको माग नेपालको अर्थतन्त्र पेट्रोलियम पदार्थ, गाडी र सुन–चाँदीसँग कसरी जोडिएको छ ? उनी कर्जा प्रवाह पछिल्ला केही वर्षमा भन्दा अलिकति बढे तापनि बचत हुने क्रम त्योभन्दा बढ्ता हुनुलाई चिन्ताको रूपमा औँल्याउँछ । यही बेला बैंकको खुद नाफा घट्नुले पनि ती समस्यामा रहेको चित्रण गर्ने अर्थविद्हरू बताउँछन् । ‘ बैंकलाई हेरेर हामी अर्थतन्त्रको दिशा पहिचान गर्न सक्छौँ । त्यसकै आधारमा अहिले लगानी बढिहाल्ला वा आर्थिक वृद्धिदर बढिहाल्ला भन्ने देखिँदैन’, आचार्य भन्छन् । अर्थमन्त्री पौडेलले यसै साताको सुरुमा मन्त्रालयमा बैंकतथा वित्तीय र गैर वित्तीय संस्थाका अध्यक्ष र कार्यकारी प्रमुखहरूसँग बैठक गर्दै खराब कर्जाको आकार घटाउँदै प्रतिफल दिने ठाउँमा लगानी गर्न निर्देशन दिएका थिए।



**पुँजीगत खर्च वृद्धि गर्नुपर्ने आवश्यकता**
बैंकिङ क्षेत्रबाट प्रवाह हुने रकम कुनै निश्चित कम्पनी वा व्यक्तिमार्फत् जाँदा त्यसको लाभ सीमित क्षेत्रमा पर्ने तर पुँजीगत खर्चले समेट्ने दायरा केही व्यापक रहने राष्ट्र बैंकका प्रवक्ता रामु पौडेल बताउँछन् । ‘ठूला कम्पनीहरूमार्फत् ऋण प्रवाह हुन सक्दाको अवस्था फरक हो । अन्यथा धेरैतिर समेट्ने गरी अर्थतन्त्रलाई चलायमान गराउन सरकारी खर्च बढाउने काम महत्त्वपूर्ण हुन्छ’, उनी भन्छन् । ‘त्यस्तोमा सरकारले हालै केही अध्यादेशहरू जारी गरेर व्यावसायिक वातावरण वृद्धि गर्न खोजेको देखिन्छ । विदेशी लगानी गर्न सकिने गरी पहिलो पटक देशको सोभरिन क्रेडिटे रेटिङ गराएको छ ।’ उनी वर्तमान आर्थिक अवस्था ‘धेरै राम्रो नभए पनि तङ्ग्रिने अवस्थामा रहेको’ मान्न सकिने आधारहरू देखा परिरहेको बताउँछन् । ‘अर्थतन्त्रमा सुधारका लक्षणहरू देखा परिरहेका छन् र यसले थप सुधारहरू बढाउँछ।’

**नेपालको विदेशी मुद्रा आर्जनका प्रमुख स्रोत के के हुन् ?**
पौडेल पुँजीगत खर्चको एउटा मुख्य आधारका रूपमा राजस्व सङ्कलनलाई हेरिनेमा त्यसतर्फ समेत वृद्धि देखिरहेको भन्दै ठूलो चिन्ता व्यक्त गर्नुपर्ने अवस्था नरहेको बताउँछन् । तर पछिल्लो पाँच महिनामा सरकारी ढुकुटीबाट चालु खर्चतर्फ ५५६ अर्ब रुपैयाँजति बाहिरिएकामा विकास निर्माणका नाममा ४० अर्ब रुपैयाँ जति मात्र खर्च भएको अवस्था छ।

**आर्थिक वृद्धिको लक्ष्य भेट्न ‘कठिन’**
बुधवार मात्रै अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ)ले यस आर्थिक वर्षमा नेपालको आर्थिक वृद्धिदरले केही गति लिने अपेक्षासाथ त्यो ४ प्रतिशत नाघ्ने प्रक्षेपण सार्वजनिक गरेको छ । त्यसका लागि उसले समेत पछिल्लो बाढीपहिरोपछिका पुनर्निर्माणका काम समेटिने गरी पुँजीगत खर्च बढ्ने अवस्थाको परिकल्पना गरिएको जनाएको छ।
नेपाल सरकारको बजेटमा यस आर्थिक वर्षमा ६ प्रतिशतको वृद्धिदर हासिल गर्ने लक्ष्य राखिएको थियो। त्यसलाई सहयोग पु¥याउने गरी राष्ट्र बैंकले सार्वजनिक गर्ने मौद्रिक नीतिमा १२.५ प्रतिशतजतिले कर्जा वृद्धि गर्ने जनाइएको थियो । ‘तर अहिलेसम्मको कर्जा प्रवाह हेर्दा त्यसरी पैसा जाँदैन कि भन्ने देखिन्छ । त्यस हिसाबले हेर्दा निजी क्षेत्रबाट आर्थिक वृद्धिमा हुने योगदानमा कम हुने हो भन्ने छ’, प्रवक्ता पौडेल भन्छन्।
‘यसले सरकारले प्रक्षेपण गरेको आर्थिक वृद्धि हासिल गर्न केही कठिन हुन सक्छ। तर अझै आधा आर्थिक वर्ष बाँकी रहेकाले पुँजीगत खर्च र निजी क्षेत्रबाट कर्जाको माग बढाउन सक्दा लक्ष्यको नजिक पुग्ने आशा गर्न सकिन्छ ।’ यस आर्थिक वर्षमा सरकारले ६ प्रतिशतको वृद्धिदर लक्ष्य राखेको थियो।
अर्थविद् केशव आचार्य आईएमएफले गरेको आर्थिक वृद्धिको प्रक्षेपण सेवामूलक क्षेत्रमा भर परेर गरिएको भन्दै त्यसले खासै आशाजनक अवस्था नदेखाउने बताउँछन्।
‘यदि त्यो आन्तरिक उत्पादनमूलक क्षेत्रका भरमा गरिएको हुन्थ्यो भने त्यो गुणात्मक हुन्थ्यो र अर्थतन्त्रलाई दिगो बाटोमा लैजान्थ्यो । त्यसैले यस वृद्धिदरको फाइदा लिने केही व्यापारी र सेवा क्षेत्रका मानिसहरू हुन्’, आचार्य भन्छन्।
‘नेपालका लागि ४ प्रतिशतको आर्थिक वृद्धि औसत हो, धेरै नराम्रो पनि होइन। तर वृद्धिको गुणस्तरमा समस्या छ । सेवा क्षेत्रले अर्थतन्त्रलाई दिगो प्रभाव पार्दैन।’

# प्रथम निजगढ महोत्सव शुरु



**मधेशदृष्टि**
**वीरगंज ।**
प्रथम निजगढ महोत्सव शुक्रबारदेखि प्रारम्भ भएको छ ।

महोत्सवको उद्घाटन बारा क्षेत्र नं. ४ का सांसद कृष्णकुमार श्रेष्ठ र बारा क्षेत्र नं. १ का सांसद अच्युत मैनालीले संयुक्तरूपमा गरेका थिए ।

कार्यक्रममा सांसद कृष्णकुमार श्रेष्ठले महोत्सवको आयोजना सराहनीय कार्य भएको बताउँदै मधेश प्रदेशको समग्र विकासका लागि आफू सदैव अग्रपङ्क्तिमा रहने प्रतिबद्धता व्यक्त गरे । उनले सरकारलाई निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि झकझक्याउनुपर्ने बताए । सांसद अच्युत मैनालीले महोत्सवले स्थानीय कृषि, पर्यटन, कला र संस्कृतिको संरक्षण र प्रवर्धनमा मद्दत पुर्याउने विश्वास व्यक्त गरे । महोत्सव माघ २२ गतेसम्म सञ्चालन हुनेछ ।

# एकता होइन, गठबन्धन बनाउने समय आएको छः सोनल




**संजय तिवारी**
**कलैया ।**
मधेशवादी दलहरुबीच एकता नभई गठबन्धन बनाएर एलायन्स बनाएर आगामी बाटो तय गर्नुपर्ने लोकतान्त्रीक समाजवादी पार्टी नेपाल, मधेश प्रदेश समितिका अध्यक्ष जितेन्द्र सोनलले बताएका छन् । पार्टि एकता नभाफेको र एलायन्स बनाउदा सबै दलको अस्तित्व स्विकार हुने भएकोले एकतृत हुनुको बिकल्प नरहेको नेता सोनलले बताए । लोकतान्त्रिक समाजवादी पार्टी नेपाल मधेस प्रदेश समितिको बैठक जनकपुरमा सम्पन्न बैठकमा उनले उक्त कुरा बताएका हुन । 'अब कार्यगत एकता हुनुपर्छ, उनले भने, 'पटक–पटक पार्टी एकता हुँदा टुटफुटको क्रम रोकिएन, त्यही भएर अबको बाटो सबैले–सबैको अस्तित्व स्विकार हुनेगरी हुनुपर्दछ ।' प्रदेश अध्यक्ष सोनलले १८ वर्षे मधेश आन्दोलनको समीक्षा गर्ने समय आएको समेत बताए । उनले आन्दोलनमा योगदान दिनेहरुको कुरा सुन्न आफुहरुले अभियान संचालन गर्ने बताए । 'हामी अब आन्दोलनका योद्धाहरुको घरद्वारमा जादैछौं' सोनलले भने, 'मधेश आन्दोलनका उपलब्धी र आगामी चुनौतिको विषयमा जनचर्चा गर्छौं ।' सोनलको अध्यक्षतामा बसेको बैठकमा मधेश प्रदेश समितिका पदाधिकारी तथा सदस्यहरु सहित जनकपुरधाममा उपलब्ध केन्द्रिय पदाधिकारी तथा सदस्यहरु सहित विभिन्न जिल्लाबाट आमन्त्रित जिल्ला पदाधिकारी तथा सदस्यहरु सहभागी भएका थिए ।

# १२ सय थान पुराना ग्याँस सिलिन्डर नष्ट

**मधेशदृष्टि**
**वीरगंज ।**
मनोज ग्याँस उद्योग प्रालिले१,२०१ थान पुराना ग्याँस सिलिन्डर नष्ट गरेको छ । शनिबार एक कार्यक्रम गरी उद्योगले १४.२ किलो क्षमताका सिलिन्डरहरू जगदम्बा प्रालिमा पठाएर नष्ट गरेको हो । परवानीपुरमा आयोजित कार्यक्रममा वीरगंज महानगरपालिका–२१ का वडाध्यक्ष राधाकृष्ण रौनियार, मनोज ग्याँसका सञ्चालक मनोजकुमार दास, गुणस्तर तथा नापतौल कार्यालयका निरीक्षक रामप्रसाद लम्साल, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयका प्रतिनिधि मधुरेश साह, नेपाल आयल निगमका प्रशासक राकेशप्रसाद साह, र सञ्चारकर्मीहरूको सहभागिता रहेको थियो । कार्यक्रममा बोल्दै सञ्चालक मनोजकुमार दासले उद्योगले प्रत्येक वर्ष पुराना र जीर्ण सिलिन्डरहरू नष्ट गर्दै आएको



बताए । उनले दुर्घटनाको जोखिम कम गर्न र उपभोक्ताहरूको सुरक्षाका लागि यस्तो प्रक्रिया अवलम्बन गरिएको बताए । कार्यक्रममा सहभागी सरोकारवालाहरूले उद्योगले पुराना सिलिन्डर नष्ट गर्ने प्रक्रिया सकारात्मक र अन्य ग्याँस उद्योगहरूले पनि यो कदम अनुसरण गर्नुपर्ने धारणा राखेका थिए ।

# राष्ट्रिय वैश्य महासंघ पर्साको शपथ ग्रहण तथा सम्मान कार्यक्रम सम्पन्न



मधेशदृष्टि
वीरगंज ।
राष्ट्रिय वैश्य महासंघ नेपालको प्रथम नव निर्वाचित जिल्ला कार्य समिति पर्साको शपथ ग्रहण तथा सम्मान कार्यक्रम शनिबार सम्पन्न भएको छ । वीरगंजको कलवार कल्याण धर्मशालामा आयोजित कार्यक्रममा बजरंगी साहको अध्यक्षतामा २५ सदस्यीय कार्यसमिति गठन गरिएको हो । नवनिर्वाचित कार्यसमितिको अध्यक्ष पदमा डा. संतोष कुमार साह चयन भएका छन् । अन्य पदाधिकारीहरूमा वरिष्ठ उपाध्यक्ष प्रेम चंद्र चौरसिया, उपाध्यक्षहरू राजेन्द्र प्रसाद गुप्ता, जवाहर प्रसाद गुप्ता, महिला उपाध्यक्ष बिमला गुप्ता, महासचिव अनिल कुमार सर्राफ, सचिवहरू राम पुकार पंडित, संजय साह गोढ, जय प्रकाश नायक, कोषाध्यक्ष मोतीलाल साह, र सदस्य पवन कुमार वर्णवाल, प्रकाश साह बानिया, केशव लाल केशरी, रामबाबू साह कानू, सुमन क्याल, पूजा देवी, सुधा गुप्ता, राखी देवी तुरहा, प्रतिमा चौरसिया, बालेश्वर साह तेली, लक्ष्मन साह कलवार, बबिता देबी, हरिश्चन्द्र तुरहा तथा बृजेश साह तेली नयन भएका छन् । कार्यक्रमका प्रमुख अतिथि तेली समाजका केन्द्रीय अध्यक्ष विश्वनाथ साहले वैश्य समुदायलाई एकताबद्ध भएर अगाडि बढ्न आग्रह गरे । उनले जातीय पहिचानलाई हटाएर वैश्य समाजको सामूहिक पहिचान स्थापित गर्नुपर्नेमा जोड दिए । नेपाल बुद्धिजीवी परिषदका प्रदेश अध्यक्ष तथा नेपाल कानु समाजका पूर्व केन्द्रीय महासचिव शम्भू प्रसाद गुप्ताले वैश्य समाजमा नोट र भोट दुवै भए पनि एकमतको अभावका कारण समाज पछि परेको बताए । उनले जातीय भेदभावलाई अन्त्य गरी समाजको उत्थानका लागि सहकार्यको आवश्यकता रहेको उल्लेख गरे ।

### राजनीतिमा सहभागिताको आवश्यकता

कलवार कल्याण समाजका जिल्ला अध्यक्ष शम्भू प्रसाद कलवारले वैश्य समाज व्यापार र व्यवसाय क्षेत्रमा सक्रिय भए पनि राजनीतिक क्षेत्रमा प्रभाव जमाउनुपर्नेमा जोड दिए । उनले वैश्य समुदायका सबै जातीय समूहहरूको अस्तित्व स्वीकार गर्दै एकताको महत्वबारे प्रकाश पारे । तेली समाज नेपालका जिल्ला अध्यक्ष ध्रुव साहले वैश्य समाज आर्थिक तथा सामाजिक क्षेत्रमा सक्रिय भए पनि राजनीतिमा कमजोर भएको बताए । उनले पर्सा जिल्लालाई वैश्य समुदायको गढ़ मान्दै राजनीतिक क्षेत्रको मजबुतीका लागि एकजुट हुन आह्वान गरे । चौरसिया कल्याण समाजका अध्यक्ष रामाकान्त चौरसियाले वैश्य समाज एक ढिक्का भए हामी हरेक क्षेत्रमा अगाडी हुने बताए । अहिलेको अवस्थामा वैश्य समाज कै आर्थिक सहयोगले अन्य समुदाय अगाडी बढे पनि वैश्य समाज अरु प्रति आश्रित हुने पर्ने वध्यता रहेको बाताए । तुरहा समाजका केन्द्रिय सल्लहकर जय प्रकाश तुरहाले अन्य वक्ताहरुको कुरामा सहमति जनाउदै उनले हरेक व्यक्ति को फरक बिचार रहे पनि समाजको बिकाशका लागि एक जुट हुन आवश्यक रहेको बाताए । व्यापार व्यावसाय मुख्य पेशा रहेको वैश्य समाजको गठनको मुख्य उद्देश्य हरेक क्षेत्रमा एक सामान हकÞ अधिकारको लडाईको साथै आफु सो क्षेत्रमा सक्षम हुन आवश्यक रहेको बताए ।

जसको लागि कोटामा नभइ शिक्षामा जोड़ दिन आवश्यक रहेको बाताए । बाल रोग बिशेषज्ञ डा. अशोक दासले वैश्य समुदाय हरेक क्षेत्रमा सहभागि भए पनि एकजुट नहुँदा कमजोर रहेको बताए । वैश्य समुदायबाट जातिय विभेद हटाए यो समुदाय हरेक क्षेत्रमा अब्बल छाप छोड़ने बताए । यस समुदायमा रहेका हरेक जातीमा भाई चाराको भाव श्रीजना गर्न आग्रह गरे । संविधान सभा सदस्य प्रमोद गुप्ताले शिक्षाको क्षेत्रमा वैश्य समुदाय अन्य समुदायको तुलना कमजोर नाराहेको भन्दै आउदो दिनमा आफ्नो अस्तित्व जोगाउन राजनीति क्षेत्रमा बलियो हुन आवश्यक रहेको कुरामा जोड़ दिए । पर्सा जिल्ला अन्य जिल्लाको लागि उदाहरनीय कार्य गरोस भन्ने शुभकामना दिए । बहुदरमाई वडा ८ का वडा अध्यक्ष पुनीलाल साहले वैश्य समुदाय एक रहे मात्र राजनीती मा अगाडि बढ़ने बताए वैश्य समुदायबाट नै चुनावको बेला जातिय बिभेद गर्दै एक अरकाको बिपक्षी भई उम्मीदवारी दिँदा राजनीतिमा हार बेहोर्नु परेको बताए । यस समुदायका महिलाहरुलाई पनि हरेक क्षेत्रमा अगाडि ल्याउन आवश्यक रहेको कुरामा जोड़ दिए ।

### महिलाको सहभागिता र शिक्षा

कार्यक्रममा वक्ताहरूले वैश्य समाजमा महिलाको सहभागिता अभिवृद्धिको आवश्यकता औंल्याए । छिपहरमाई गाउँपालिकाका प्रशासकीय अधिकृत अशोक रौनियारले महिलाको सहभागिता बिना समाजको विकास सम्भव नहुने बताए । कनिका कौशिक र अन्य महिलाहरूले समुदायमा लैंगिक समानताको अभावप्रति चिन्ता व्यक्त गरे । कार्यक्रममा प्रजापति समाजका कलाकार सुनील पंडितले वैश्य समाजका नेताहरू, व्यवसायी, पत्रकार, र कलाकार एकजुट भए समाजको प्रभावकारी उपस्थिति सुनिश्चित हुने बताए । कानू समाजका राष्ट्रिय अध्यक्ष किशोरी प्रसाद कानूले बैश्य समाज व्यक्तिगत संस्था नभई सबै जातिको उत्थानको लागि सामुदायिक संस्था रहेको बताए । समाजको उत्थानका लागि सबैमा सहयोगी भाव राख्न सबैमा उनले अनुरोध गरे ।

कार्यक्रमको सञ्चालन राष्ट्रिय वैश्य महासंघका केन्द्रीय सदस्य अशर्फी साहले गरेका थिए । कानू, कलवार, तेली, रौनीयार लगायत ३१ वटा जातियको सामूहिक सामाजिक संस्थागत समिति वैश्य महासंघ हो । यसले समुदायको उथानको लागी सामाजिक कार्य गर्दै आएको छ । यस कार्यक्रमले वैश्य समाजको आर्थिक, सामाजिक र राजनीतिक विकासका लागि नयाँ दिशामा अगाडि बढ्न प्रेरणा प्रदान गरेको छ ।



सत्यमेव जयते



देवी सहाय मीना,

भारतको महावाणिज्य दूत, बीरगंज

भारतको ७६ औं गणतन्त्र दिवसको शुभ अवसरमा म, बिरगंज स्थित भारतको महावाणिज्य दूतावासको तर्फबाट नेपालमा रहेका भारतीय समुदाय र भारतका मित्रहरूलाई हार्दिक बधाई र शुभकामना व्यक्त गर्दछु। विगत एक वर्षमा महावाणिज्य दूतावासले विभिन्न स्थानीय संस्थाहरूसँगको सहकार्यमा विभिन्न कार्यक्रमहरू आयोजना गर्दै आएको छ। नेपाल-भारत सांस्कृतिक उत्सव, नेपाल-भारत मैत्री क्रिकेट मैच, एक शाम लता मंगेशकर के नाम, ओडिसी एवं कत्थक नृत्य प्रदर्शन, जनजातीय सांस्कृतिक उत्सव, भारत नेपाल पर्यटन विकास सेमिनार, अंतर्राष्ट्रीय योग दिवस आदि जस्ता धेरै कार्यक्रमहरू आयोजना गरियो। महावाणिज्य दूतावासले अन्तर्राष्ट्रिय महिला दिवस, विश्व साइकल दिवस, विश्व वातावरण दिवस, विश्व रक्तदाता दिवस, आयुर्वेद दिवस, विश्व हिन्दी दिवस, आदि जस्ता महत्वपूर्ण अवसरहरू मनाउन उपयुक्त कार्यक्रमहरू पनि आयोजना गर्यो, जसमा राम्रो संख्यामा मानिसहरूको उपस्थिति थियो। भारतीय महावाणिज्य दूतावास यी कार्यक्रमहरूमा भाग लिने र सफल बनाउने सबैलाई धन्यवाद दिन चाहन्छ। वातावरण संरक्षण प्रति जनचेतना बढाउने उद्देश्यले महावाणिज्य दूतावास द्वारा विभिन्न स्थानीय संस्था, गैरसरकारी संस्था, विद्यालय आदिहरुसँगको सहकार्यमा धेरै वृक्षारोपण अभियानहरू आयोजना गरियो।

2. भारत सरकार नेपालका नागरिकहरुलाई शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार विकास, विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्ने, नदी तटबन्ध निर्माण, एकीकृत जाँच चौकी, रेलवे कनेक्टिभिटी जस्ता क्षेत्रमा सहयोग र सहायता प्रदान गर्न प्रतिबद्ध छ।

3. दुई देश बीचको द्विपक्षीय व्यापार विकास र सहजीकरण गर्न महावाणिज्य दूतावासले विभिन्न सरोकारवालाहरूसँग मिलेर काम गर्दछ। द्विपक्षीय सम्बन्धलाई अझ अगाडि बढाउन दुई देशबीच नियमित उच्चस्तरीय आदानप्रदान हुँदै आएको छ। यी बैठकहरूमा, दुवै पक्षले दुई देश बीचको घनिष्ठ र मैत्रीपूर्ण सम्बन्धलाई पुन: पुष्टि गरे, जसले ऐतिहासिक, सांस्कृतिक, सभ्यता र नागरिक बिचको सम्बन्धमा गहिरो रूपमा बसेको छ। हालैका वर्षहरूमा द्विपक्षीय सहयोगमा उल्लेखनीय प्रगति भएको छ, विशेष गरी कनेक्टिभिटीका विभिन्न क्षेत्रहरूमा - भौतिक, डिजिटल, ऊर्जा साथै नागरिकबीचको सम्बन्ध, जसमा सडक, पुल, एकीकृत जाँच चौकी, सीमापार रेलवे का साथै पेट्रोलियम पाइपलाइनसँग सम्बन्धित पूर्वाधार परियोजनाहरूको निरन्तर कार्यान्वयनमा प्रकट हुन्छ ।

4. जनवरी २०२४ मा, भारतका मा. विदेशमन्त्री डा. एस. जयशंकरज्युको नेपाल भ्रमणको क्रममा भारत र नेपालबीच दीर्घकालीन विद्युत व्यापारको सम्झौतामा हस्ताक्षर भएको थियो। समझदारीपत्र अन्तर्गत, १० वर्षको समयसीमा भित्र नेपालबाट भारतमा विद्युत निर्यातको मात्रा १०,००० मेगावाट पुर्याउने र यस उद्देश्यका लागि नेपालको जलविद्युत उत्पादन क्षेत्र र प्रसारण पूर्वाधारमा पारस्परिक रूपमा लाभदायक लगानी प्रोत्साहन गर्न आवश्यक सबै उपायहरू अपनाइनेछ भन्ने कुरा सहमति भएको छ ।

5. हालैका वर्षहरूमा, दुई देश बीच ऊर्जा सम्पर्क बढाउन महत्त्वपूर्ण कदमहरू चालिएका छन्, जसमा तीन नयाँ १३२ केभी सीमापार प्रसारण लाइनहरूको उद्घाटन, नवीकरणीय ऊर्जामा सहयोगको लागि NEA र NTPC बीच समझदारी पत्रमा हस्ताक्षर, मोतिहारी- अमलेखगञ्ज पाइपलाइनको दोस्रो चरणको शिलान्यास आदि रहेका छन् । विगत दुई-तीन वर्षमा नेपालको भारतमा जलविद्युत निर्यात धेरै गुणा बढेको छ, जसले नेपालको लागि राजस्वको अतिरिक्त स्रोत सिर्जना गरेको छ। नेपालले अहिले भारतमा लगभग १००० मेगावाट बिजुली निर्यात गर्दछ। गत आर्थिक वर्ष २०२३-२४ मा नेपाल भारतमा बिजुलीको शुद्ध निर्यातकर्ता बनेको थियो र नेपालले भारतमा गरेको बिजुलीको निर्यात, आयात भन्दा लगभग 134 मिलियन रुपैयाँ बढी थियो। नेपाल, भारत र बंगलादेशबीच हस्ताक्षर भएको त्रिपक्षीय विद्युत-व्यापार सम्झौता पनि १५ नोभेम्बर २०२४ मा लागू भयो, जसअन्तर्गत नेपालले पहिलो पटक भारतीय ग्रिड मार्फत बंगलादेशमा ४० मेगावाट बिजुली निर्यात गर्यो।

6. गहुँ निर्यातमा प्रतिबन्ध लागे पनि भारत हालै नेपाललाई २,००,००० टन गहुँ निर्यात गर्न सहमत भएको छ। गत मनसुनमा बाढी र पहिरोका कारण अवरुद्ध सडक सम्पर्क पुनर्स्थापित गर्न नेपालको पुनर्निर्माण प्रयासलाई सहयोग गर्न भारत सरकारले हालै नेपाल सरकारलाई ३८ करोड रुपैयाँभन्दा बढी मूल्यका दशवटा पूर्वनिर्मित स्टील पुलहरू प्रदान गरेको छ। यसका साथै, भारतले बाढी र पहिरोबाट प्रभावित परिवारहरूलाई २५ टनभन्दा बढी मानवीय सहायता पनि प्रदान गर्यो।

7. भारत र नेपाल बीचको सम्बन्ध संसारमै अद्वितीय छ। भारत र नेपालबीच सांस्कृतिक, धार्मिक र सामाजिक परम्पराहरू साझा छन्। प्राचीन कालदेखि नै दुई देशबीच गहिरो मैत्रीपूर्ण सम्बन्ध रहेको छ। हाम्रा साझा परम्पराहरूले दुई देशका जनतालाई बलियोसँग बाँधेका छन्।

8. भारत-नेपाल संयुक्त सैन्य अभ्यास, "सूर्य किरण"को १८ औं संस्करण हालै नेपालको सालझण्डीमा सम्पन्न भयो। यस अभ्यासको क्रममा, दुवै देशका सेनाले आतंकवाद विरोधी युद्ध अभ्यास प्रदर्शन गरे, र अन्तरसञ्चालनशीलता र पारस्परिक समझदारी बढाए।

9. महावाणिज्य दुतावासले नेपाल र भारतका सीमावर्ती जिल्लाहरू बीचको सामयिक चासोका मुद्दाहरूमा समन्वय समितिको बैठकहरू आयोजना गर्न सहयोग गर्नुका साथै सीमापार सवारी साधनहरूको सहज आवागमनको लागि निजी र मालवाहक सवारी साधनहरूलाई अनुमतिपत्र पनि जारी गर्दछ।

10. भारत र नेपालबीचको व्यावसायिक र आर्थिक सम्बन्धलाई अझ सुदृढ बनाउन महावाणिज्य दूतावास प्रतिबद्ध छ। भारत नेपालको सबैभन्दा ठूलो व्यापारिक साझेदार हुनुका साथै पर्यटक र लगानीको सबैभन्दा ठूलो स्रोत पनि हो। भारतले आफ्नो "छिमेकी पहिलो"नीति अन्तर्गत नेपालसँगको सम्बन्धलाई उच्च महत्त्व प्रदान गर्दछ र विभिन्न पहलहरू मार्फत नेपाललाई सहयोग गरिरहनेछ। दुई देशबीचको सम्बन्धलाई अझ सुदृढ बनाउन दूतावास सधैं मिलेर काम गर्न तत्पर छ।

जय हिन्द !

बीरगंज (नेपाल)

२६ जनवरी, २०२५

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन